# नेपालमा सार्वजनिक वित्त व्यवस्थापनमा नागरिक संलग्नता

## राष्ट्रिय रणनीति तथा कार्ययोजना

राष्ट्रिय रणनीति तथा कार्ययोजना

# नेपालमा सार्वजनिक वित्त व्यवस्थापनमा नागरिक संलग्नता

## राष्ट्रिय रणनीति तथा कार्ययोजना

# विषयसूची


१. परिचय ..... १
   १.१. सार्वजनिक वित्त व्यवस्थापनमा नागरिक संलग्नता ..... १
   १.२. सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (पेफा) का विभिन्न प्रयास र नागरिक संलग्नता रणनीति ..... २

२. दूरदृष्टि (**Vision**) ..... ३

३. ध्येय (**Mission**) ..... ३

४. आधारभूत सिद्धान्तहरू ..... ४

५. रणनीतिक उद्देश्य तथा रणनीतिहरू ..... ५

कार्ययोजना ..... ७

सार्वजनिक वित्त व्यवस्थापनमा नागरिक सहभागिता रणनीति तथा कार्य योजना, २०७८ ..... ३७

# १. परिचय

राज्यको उत्पत्तिसँगै सरकारले जनताबाट कर/राजस्व उठाएर राज्यको सिमाना बिस्तार, दैनिक प्रशासन सञ्चालन लगायत शासकीय कार्य गर्दै आएको पाइन्छ । समय अन्तराल सँगसँगै नागरिकहरूका चाहना पनि असीमित हुदै गएपछि राज्य संयन्त्रले उपलब्ध सीमित आर्थिक स्रोतहरूको व्यवस्थापन गरी नागरिकका आवश्यकताहरू परिपूर्ति गर्नुपर्ने आवश्यकता सृजना भयो । सरकारका आर्थिक स्रोत व्यवस्थापनमा स्रोतको प्राप्ति, वितरण, उपयोग तथा परीक्षण जस्ता आयामहरू रहेका हुन्छन् । यी सबै आयामहरूको समुचित व्यवस्थापनले एकातर्फ राज्यका सीमित स्रोत साधनको विवेकपूर्ण उपयोगको सुनिश्चितता हुन्छ भने अर्कोतर्फ सार्वजनिक स्रोत परिचालनमा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व कायम हुन गई सरकार र जनता बिच परस्पर विश्वास र सुसम्बन्ध निर्माणको आधार तयार हुन्छ । सार्वजनिक वित्त व्यवस्थापनले वित्तीय अनुशासन, विनियोजन कुशलता र सेवा प्रवाहमा दक्षता हासिल गर्ने जस्ता उद्देश्य लिएको हुन्छ । तसर्थ, सार्वजनिक वित्त व्यवस्थापन वित्तीय सुशासन तथा सार्वजनिक सेवा प्रवाहको मेरुदण्डको रुपमा समेत रहेको हुन्छ । सार्वजनिक वित्त व्यवस्थापनले राज्यका स्रोतहरूलाइ नागरिकका आवश्यकता परिपूर्तिसँग जोड्दछ ।

सार्वजनिक वित्त व्यवस्थापन स्रोत व्यवस्थापनमा प्रभावकारिताको आधार हो भने यसले सार्वजनिक सेवा प्रवाहलाई कुशल र प्रभावकारी बनाउनमा समेत महत्वपूर्ण योगदान गर्छ । सार्वजनिक वित्त व्यवस्थापनमा सार्वजनिक वित्तीय नीति, राजस्व तथा सार्वजनिक खर्च सम्बन्धी नीति, सार्वजनिक ऋण नीति, क्षेत्रगत राष्ट्रिय नीति तथा रणनीति निर्माण र कार्यान्वयनको समष्टिगत प्रक्रिया समावेश हुन्छन् ।

सार्वजनिक वित्त व्यवस्थापन वित्तीय पारदर्शितामा मात्र सीमित नभई यसले विकासको उपयुक्त प्रतिफल हासिल गर्ने तथा बजेट प्रक्रियालाई थप समावेशी बनाउने तथा गरिबी न्यूनीकरणमा केन्द्रित वित्तीय नीति निर्माण गर्ने जस्ता सबालमा सरकारलाई जवाफदेही बनाउँछ । सार्वजनिक वित्त व्यवस्थापन आम जनताको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने शासकीय पद्धति भएकोले यसमा आम नागरिकको चासो र सरोकार रहन्छ ।

## १.१. सार्वजनिक वित्त व्यवस्थापनमा नागरिक संलग्नता

सार्वजनिक वित्तीय नीति निर्माण र कार्यान्वयनका विभिन्न चरणमा नागरिकहरू, नागरिक संघसंस्थाहरू, सामुदायिक समूहहरू, व्यावसायिक सङ्गठनहरू, प्राज्ञिक संस्थाहरू र अन्य गैर सरकारी पक्ष र सरकारका बिचमा हुने प्रत्यक्ष संवाद र सहकार्य नै सार्वजनिक वित्त व्यवस्थापनमा सहभागिता हो । नागरिक सहभागिता सामान्यतयाः दुई किसिमबाट गर्न सकिन्छ । जसमा आम जनताको सहभागिता र प्रतिनिधिमूलक रुपमा समेटिएका विषय विज्ञ वा छानिएका नागरिक संघसंस्थाहरूसँग विस्तृत सुझाव र पृष्ठपोषण लिने अभ्यास समेटिन्छ । बजेटको प्रभावकारी प्रतिफल प्राप्तिका लागि यी दुबै पद्धतिले एक अर्काका परिपूरकका रुपमा काम गर्छन् ।

जनसहभागिता समग्र वित्तीय नीति तथा सूक्ष्म वित्तीय सबालहरूमा पनि हुनसक्छन् । १) बजेट तर्जुमा, अनुमोदन, बजेट कार्यान्वयन र लेखापरीक्षण जस्ता समग्र वार्षिक बजेट चक्र, २) एक आर्थिक बर्ष भन्दा लामो अवधिका लागि गरिने वित्तीय नीति निर्माण र परिमार्जन, ३) वस्तु तथा सेवा उत्पादन र वितरण प्रक्रिया र ४) सार्वजनिक लगानीका परियोजना प्रस्ताव तयारी, मूल्याङ्कन र कार्यान्वयन नागरिक सहभागिताका प्रमुख क्षेत्रहरू हुन् । (स्रोतः A Blog by Murray Petrie, IMF, https://bit.ly/2Q61xc2)

सार्वजनिक वित्त व्यवस्थापनमा नागरिक सहभागिता अन्तर्गत सार्वजनिक वित्त व्यवस्थापन अन्तर्गत वित्तीय प्रक्षेपण, बजेट तर्जमा, बजेट अनुमोदन, कार्यान्वयन, लेखांकन तथा प्रतिवेदन र लेखापरीक्षण र निगरानी जस्ता प्रमूख चरणमा सार्वजनिक निकाय र नागरिकका बिच हुने अन्तरक्रियाका विभिन्न अभ्यास पर्दछन् । सहभागिताको विधि, बारम्बारता र गहिराई भने विभिन्न चरण र नागरिक सहभागिताको उद्देश्यमा निर्भर रहन्छ ।सहभागिता प्रत्यक्ष संवाद, प्रस्तुतिहरू र इन्टरनेट लगायतका सञ्चारका लिखित माध्यम वा एकभन्दा बढी माध्यमको मिश्रणबाट हुनसक्छ । यसमा एकाध पटक आफ्नो धारणा राख्नका लागि गरिने आमन्त्रण वा निरन्तरको संस्थागत सम्बन्धसम्म पर्दछन् । सामाजिक लेखापरीक्षण, सार्वजनिक सुनुवाइ, तेस्रोपक्ष अनुगमन, नियमित रुपमा गरिने सार्वजनिक सर्वेक्षण, स्थायी सल्लाहकारी निकाय वा सार्वजनिक स्रोत लगानीका सम्बन्धमा विशिष्ट क्रियाकलाप छनोटमा नागरिकले मतदान गर्ने विधि अर्थात् सहभागितामूलक बजेट आदि नागरिक सहभागिताका संस्थागत प्रवन्ध हुन् ।

विश्व बैंकले सार्वजनिक वित्त व्यवस्थापनमा नागरिक सहभागिता मूल प्रवाहीकरणका निम्न ५ प्रमुख सिद्धान्त अघि सारेको छ ।

१) सहभागिता नतिजा केन्द्रित हुन्छ ,
२) नागरिक सहभागिता कार्य सञ्चालन प्रक्रियाको सबै चरणमा हुन्छ ,
३) यसले सम्बन्धित देशको प्रणाली सबलीकरणमा ध्यान दिन्छ,
४) नागरिक सहभागिता परिवेश अनुसार फरक हुन्छ , र
५) यो क्रमशः विकसित हुँदै जान्छ ।

माथि उल्लेख भए अनुसार सार्वजनिक वित्त व्यवस्थापनमा नागरिक संलग्नताका कुनै पनि औजार सबै स्थान र परिवेशका लागि उपयुक्त नहुनसक्ने भएकोले स्थानीय परिवेश परिवेस सुहाउँदो विधि र प्रक्रिया निर्धारण र कार्यान्वयन गर्नु आवश्यक हुन्छ । तसर्थ, यसलाई सम्बन्धित देशको भूराजनैतिक, सामाजिक तथा आर्थिक अवस्था अनुसार समायोजन गरी रणनैतिक तवरले कार्यान्वयनमा ल्याउनु टड्कारो आवश्यक छ ।

## १.२. सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (पेफा) का विभिन्न प्रयास र नागरिक संलग्नता रणनीति

सार्वजनिक वित्त व्यवस्थापनमा नागरिक संलग्नताको महत्वलाई आत्मसात् गर्दै सन् २००८ को सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (पेफा) लेखाजोखा पछि सार्वजनिक वित्त व्यवस्थापनको

पारदर्शिता र जवाफदेहिता पेफा प्रारुपको प्रमुख पक्ष बन्दै आएको छ । पेफा सचिवालयले बजेट प्रक्रियामा नागरिक सहभागिता प्रवर्द्धनका लागि नमुनाका रुपमा बजेट सबालमा नगरपालिकाहरू, प्रशिक्षत पत्रकारहरू लगायतसँग संघीय र प्रदेश स्तरमा परामर्श गर्नुका साथै सजेट सम्वन्धी सार्वजनिक सुनुवाईका लागि नगरहरूलाई सहयोग गर्नुका साथै बजेट प्रक्रियामा सहभागिताको लागि क्षमता विकासमा सहयोग गरेको छ । यस वाहेक राष्ट्रिय र स्थानीय स्तरका निकायहरूले सहभागितामुलक बजेट तर्जुमा अभ्यास, बजेट सूचनामा नागरिकको पहुँच र सहभागिता प्रवर्द्धनमा केन्द्रित गतिविधि सञ्चालन गरी त्यसबाट विभिन्न अनुभव हासिल गरेका छन् ।

सार्वजनिक वित्त व्यवस्थापन प्रणालीमा रहेका निकाय तथा राष्ट्रिय र अन्तराष्ट्रिय संघ संस्था तथा निकायका यस्ता अनुभव छरिएर रहेको, नागरिक सहभागिताका पद्धति कार्यान्वयन कतिपय अवस्थामा वाह्य सहयोगमा निर्भर रहेको अवस्था छ। वित्तीय पारदर्शिता, सहभागिता र जवाफदेहिता जस्ता पक्ष सार्वजनिक वित्त व्यवस्थापन प्रणालीभित्र आन्तरिकीकरण र मूल प्रवाहीकरण गर्न थप पर्यत्न गर्नुपर्ने सार्वजनिक खर्च र वित्तीय उत्तरदायित्व सचिवालयको निष्कर्षलाई सार्वजनिक निर्णय प्रक्रियामा नागरिक सहभागिता प्रवर्द्धन गर्ने नेपाल सरकारको प्रतिवद्धताले टेवा दिएको छ ।

सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालयले यसअधिका विभिन्न प्रयासको निरन्तरता स्वरुप नेपालमा सार्वजनिक वित्त व्यवस्थापन प्रक्रियामा नागरिक संलग्नताको यो रणनीति तथा कार्ययोजना निर्माण गरेको छ । यसका लागि नेपालको सार्वजनिक वित्त व्यवस्थापनका नीतिगत, कानूनी र व्यावहारिक पक्षमा गरिएको अध्ययनका निष्कष, बिभिन्न तहका सरकारका वित्तीय व्यवस्थापन अभ्यास र अनुभव, सामाजिक जवाफदेहिता र पारदर्शिता प्रर्वद्धनका लागि सञ्चालन गरिएका गतिविधी र सार्वजनिक वित्त व्यवस्थापनको पारदर्शिता तथा यस प्रक्रियामा नागरिक सहभागिताका विभिन्न अन्तर्राष्ट्रिय मापदण्ड तथा असल अभ्यासको लेखाजोखालाई आधार बनाइएको छ ।

# २. दूरदृष्टि (Vision)

संघीय नेपालको तीनवटै तहमा नागरिक संलग्नता सहितको परिणाममुखी सार्वजनिक वित्त व्यवस्थापन प्रणाली

# ३. ध्येय (Mission)

संघीय नेपालको तीनवटै तहको सार्वजनिक वित्त व्यवस्थापन प्रणालीलाई पारदर्शी, जवाफदेहि, सहभागितामुलक र समावेशी बनाउने

# ४. आधारभूत सिद्धान्तहरू

नेपालको सार्वजनिक वित्त व्यवस्थापन प्रणाली निर्माण र व्यापक नागरिक सहभागिताको अवसर सहित यसको कार्यान्वयन निम्नानुसारका आधारभूत सिद्धान्तमा आधारित रहन्छ –

| सार्वजनिक वित्त व्यवस्थापनका आधारभूत सिद्धान्त | नागरिक सहभागिताका औचित्य |
|---|---|
| **समग्र वित्तीय अनुशासन** (Aggregate Fiscal Discipline) : समग्र वित्तीय अनुशासन कायम गर्नका लागि दिगो आन्तरिक स्रोत वा राजस्व र सार्वजनिक खर्चको विचमा सन्तुलन कायाम गर्नु आवश्यक हुन्छ। सार्वजनिक खर्चको निर्णय राज्यको क्षमता र  सार्वजनिक खर्चको सीमाबाट निर्देशित हुन्छ। | **सहभागितामूलक पद्धतिबाट स्रोत पहिचान र खर्चको प्राथमिकता निर्धारण** सार्वजनिक खर्चको प्राथमिकता र आवश्यकता परिभाषित गर्न र  कर तथा राजस्वका स्रोतको उपलब्धता, सम्भाव्य स्रोत पहिचान र सुधारकाका लागि निर्णय प्रक्रियामा जनसहभागिता अपरिहार्य हुन्छ। |
| **विनियोजन र कार्यसञ्चालन कार्यकुशलता** (Allocative and Operational Efficiency) : विनियोजन कार्यकुशलताले सार्वजनिक स्रोतको विनियोजन सम्बन्धी निर्णय गर्दा राज्यका रणनीतिक प्राथमिकतामा आधारित रहेर गरिने कुरामा ध्यान दिन्छ। कार्यसञ्चालन कुशलता सार्वजनिक स्रोतको प्रयोग गर्दा न्यून लागतमा गुणस्तरीय सार्वजनिक सेवा प्रवाह गर्ने क्षमतासँग सम्वन्धित हुन्छ। | **सार्वजनिक नीति र सेवाप्रति नागरिक पृष्ठपोषण** नीतिगत प्राथमिकता निर्धारण र सेवाको पहुँच र गुणस्तरीयताका सबालमा नागरिक पृष्ठपोषणको अभ्यासले सरकारको विनियोजन र कार्य सञ्चालनको कुशलता प्रवर्द्धनमा योगदान गर्छ। |
| **वैधता** (Legitimacy) :सार्वजनिक वित्त व्यवस्थापनको वैधता भन्नाले  जिम्मेवार निकायले गर्ने बजेट सम्बन्धी निर्णयप्रति आम नागरिकको अपनत्वलाई बुझाउँछ। | **बजेट सम्बन्धी निर्णयको बुझाइ र स्वीकार्यता** सार्वजनिक वित्त व्यवस्थापन प्रक्रियामा नागरिक सहभागिता सरकारको बजेट सम्बन्धी निर्णयको वैधता प्राप्तिको अभिन्न अङ्ग हो। |
| **पूर्वानुमान योग्यता** (Predictability) :  बजेट योजना निर्माणका क्रममा बजेट नीति कार्यान्वयनका चरण पनि निर्धारित हुन्छन्। निर्धारित मापदण्ड, प्रक्रियाहरू तथा आन्तरिक नियन्त्रण जस्ता  प्रणाली अन्तर्गत रहेर मात्र बजेट कार्यान्वयन गरेमा प्रभावकारिता हासिल हुन्छ। यसबाट स्रोत अपेक्षा अनुसार नै स्रोत प्राप्ति र प्रयोग भएको सुनिश्चित गर्न सकिन्छ। | **नियन्त्रण, सन्तुलन र सचेतीकरण** आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वनका लागि नागरिक नियन्त्रण-सन्तुलन र सचेतीकरण प्रणालीको महत्वपूर्ण भूमिका रहन्छ। |
| **पारदर्शिता** (Transparency) : सार्वजनिक वित्त व्यवस्थापनको पारदर्शिता भन्नाले बजेट प्रक्रियाका हरेक चरणका तथ्याङ्क, सूचना तथा प्रतिवेदनहरूको उपलब्धता, समयवद्ध खुलासा, आम नागरिकको पहुँच र जानकारीको व्यापकतालाई जनाउँछ। | **सूचनामा पहुँच** सार्वजनिक वित्त व्यवस्थापनको प्रक्रिया र परिणामको जानकारीमा पहुँच सार्थक नागरिक सहभागिताको पूर्वसर्त हो। |
| **जवाफदेहिता** (Accountability) : सार्वजनिक वित्त व्यवस्थापनमा जवाफदेहिता भन्नाले बजेट प्रक्रियामा संलग्न अधिकारीहरूलाई उनीहरूले गर्ने निर्णय र त्यसको प्रतिफलप्रति जवाफदेही बनाउन सक्ने सम्बन्धित निकाय तथा नागरिकको क्षमतालाई जनाउँछ। | **सामाजिक जवाफदेहिताको प्रवन्ध** सामाजिक जवाफदेहिताको प्रभावकारी कार्यान्वयनका लागि सार्वजनिक वित्त व्यवस्थापन चक्रका सवै चरणमा नागरिक सहभागिताका प्रवन्धहरूलाई मूल प्रवाहीकरण गर्नु आवश्यक छ। |

# ५. रणनीतिक उद्देश्य तथा रणनीतिहरू

नेपालमा सार्वजनिक वित्तीय व्यवस्थापनमा नागरिक सहभागिताका रणनीतिहरूलाई संघ, प्रदेश र स्थानीय तहका १/१ तथा अन्तरसम्बन्धित क्षेत्रको १ गरी जम्मा ४ वटा रणनीतिक उद्देश्य र सम्बन्धित रणनीतिहरूलाई अलग अलग रुपमा प्रस्तुत गरिएको छ ।

**रणनीतिक उद्देश्य १ (संघीय तह) :**

नागरिकको दृष्टिमा संघीय बजेट चक्रका सवै चरणको पारदर्शिता, पहुँचयोग्यता, संलग्नता र जवाफदेहिता सबलीकृत गर्ने ।

**रणनीति :**

संघीय बजेट प्रक्रियाका विभिन्न चरणमा बजेट प्रतिको स्वतन्त्र धारणा निर्माण गर्न सहज हुनेगरी बजेटको सूचनाको विस्तृत र पूर्ण, समयबद्ध र पहुँचयोग्य स्वरुपमा प्रवाह तथा इच्छुक नागरिकको सहभागिताका लागि सहज विधि र माध्यम उपलब्ध गराउने ।

**रणनीतिक उद्देश्य २ (प्रादेशिक तह) :**

प्रभावकारी नागरिक संलग्नताको माध्यमबाट प्रदेश बजेटलाई स्थानीय विकासको आवश्यकता र लगानीको रणनीतिक प्राथमिकतासँग आवद्ध गराउने ।

**रणनीति :**

मध्यमकालीन खर्च संरचनालाई प्रादेशिक विकास रणनीतिसँग आबद्ध गर्ने, बजेटमा सार्वजनिक निगरानीको अवसर खुला गर्ने, प्रदेश बजेटलाई योजना निर्माणका सन्दर्भमा समुदाय र स्थानीय तहबाट प्राप्त भएका सुझाव र पृष्ठपोषणमा आधारित बनाउने र बजेटका समग्र प्रक्रियालाई समावेशी र सहभागितामूलक बनाउने ।

**रणनीतिक उद्देश्य ३ (स्थानीय तह) :**

स्थानीय सार्वजनिक वित्त व्यवस्थापन प्रक्रियामा नागरिक सहभागिता र समावेशिताका सिद्धान्तको व्याहारिक कार्यान्वयन गर्ने

**रणनीति :**

बजेट प्रक्रियालाई निर्देशित र व्यवस्थित गर्ने कार्यढाँचा निर्माण गर्ने तथा आपूर्ति पक्ष (स्थानीय तह) र माग पक्ष (समुदायको) क्षमता विकास गर्ने ।

उल्लिखित रणनीतिमा आपूर्ति पक्षमा सुधार अन्तर्गत नागरिक र समुदायको सहभागिताका स्थान र अवसरको प्रवन्ध तथा तथा माग पक्षको सबलीकरणका लागि सामुदायिक सङ्गठनहरूको सुदृढीकरण र नागरिकले आफ्नो इच्छा र चाहना अभिव्यक्त गर्ने, सहभागी हुने र स्थानीय सरकारसँग सार्वजनिक वित्त व्यवस्थापन चक्रका सवै चरणमा जवाफदेहिताको माग गर्नसक्ने क्षमता निर्माणका विषय समावेश हुन्छन् ।

**रणनीतिक उद्देश्य ४ (अन्तरसम्बन्धित क्षेत्र) :**

सबै तह र चरणमा सरकार-नागरिक साझेदारीका आधारमा वित्तीय पारदर्शिता र आर्थिक सुशासन प्रवर्द्धन गर्ने ।

**रणनीति :** वित्तीय पारदर्शिता र आर्थिक सुशासन सुधारलाई लक्षित गर्दै निश्चित तह र चरणमा मात्र सीमित नरहेका तथा नागरिक संघ संस्थाको प्रत्यक्ष संलग्नता हुनसक्ने क्षेत्रमा माग र आपूर्ति दुवै पक्षको क्षमता विकास गरी परस्पर सहकार्य र साझेदारी निर्माण गर्ने ।

सवै तहका रणनीतिक उद्देश्य हासिल गर्नका लागि प्रस्तावित कार्ययोजनामा कानूनी/नियमनकारी, संरचनागत/संस्थागत र नागरिक समाजको संस्थागत प्रवन्ध समेटिएका छन्। यी कार्ययोजना हरेक तहमा बजेट चक्रका ६ वटा प्रमुख चरणमा आधारित रहेर गरिएको अवस्था विश्लेषण प्रतिवेदन रहेका सुझावमा आधारित छन् । खासतह वा चरणमा समावेश नहुने विषयका सन्दर्भमा विशिष्ट रणनीतिक उद्देश्य, रणनीतिहरू र कार्ययोजना प्रस्तुत गरिएको छ ।

**चित्र १ :** विश्लेषणको कार्यढाँचा तयारीका क्रममा लिइएको बजेट चक्र




रणनीतक उद्देश्य, प्रस्तावित रणनीति र तीनको कार्यान्वयनका लागि तय गरिएको कार्ययोजना र अनुगमन योजना यस पछिका पृष्ठमा समावेश गरिएको छ ।

# कार्ययोजना

| क्रियाकलाप | प्रगति मापनका सूचकहरू | स्रोत | समय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| **संघीय तह** | | | | | |
| **उद्देश्य १ :** नागरिकको दृष्टिमा संघीय बजेट चक्रका सबै चरणको पारदर्शिता, पहुँचयोग्यता, संलग्नता र जवाफदेहिता सबलीकृत गर्ने<br>**उपलब्धी मापनको सूचक :** खुला बजेट सूचकाङ्क<br>**प्रमुख रणनीतिहरू :** संघीय बजेट प्रक्रियाका विभिन्न चरणमा बजेट प्रतिको स्वतन्त्र र सकरात्मक धारणा निर्माण गर्न सहज हुनेगरी बजेटको सूचनाको पूर्ण, समयवद्ध र पहुँचयोग्य स्वरुपमा प्रवाह तथा इच्छुक नागरिक तथा नागरिक समूहको सहभागिताका खुला माध्यम र अवसर उपलब्ध गराउने । | | | | | |
| **चरण १ : आवधिक/रणनीतिक योजना निर्माण र वित्तीय प्रक्षेपण** | | | | | |
| १.१. क. सङ्घीयस्तरमा आवधिक तथा रणनीतिक योजना निर्माणको विभिन्न चरणमा विज्ञ, नागरिक सङ्घ संस्थासँग परामर्श गर्ने तथा आम नागरिकको सुझाव र पृष्ठपोषण प्राप्तीको चरण, माध्यम र विधि निर्धारण गर्ने ।<br><br>१.१. ख. आवधिक/रणनीतिक योजनाको मस्यौदा नागरिक पृष्ठपोषणका लागि सार्वजनिक गर्ने । | आवधिक/रणनीतिक योजना तर्जुमामा नागरिक परामर्श तथा सहभागिता सम्बन्धी कार्यविधि<br><br>आवधिक/रणनीतिक योजनाको मस्यौदा सार्वजनिकीकरण | राष्ट्रिय योजना आयोगको वेभसाइट<br><br>नागरिक पृष्ठपोषणका अभिलेख | प्रथम वर्ष<br><br>पहिलो बर्षदेखि हरेक योजना निर्माणको क्रममा (आवधिक) | राष्ट्रिय योजना आयोग | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्राकृतिक स्रोत तथा वित्त आयोग र अर्थ मन्त्रालय |
| १.२. मध्यमकालीन खर्च संरचना प्रारम्भिक मस्यौदा समयवद्ध रुपमा सार्वजनिक गर्ने तथा राजस्व तथा खर्चको संरचना र प्राथमिकता सम्बन्धमा नागरिक सङ्घ संस्था तथा सर्वसाधारणको सुझाव सङ्कलन गर्ने । | मध्यमकालीन खर्च संरचनाको मस्यौदा सार्वजनिक रुपमा उपलब्धता र नागरिक पृष्ठपोषण प्राप्तीको अभ्यास | अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगको वेभसाइट, नागरिक पृष्ठपोषणका अभिलेख, नागरिक सहभागिता सम्बन्धी प्रतिवेदन । | हरेक वर्ष | अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विषयगत मन्त्रालयहरू, महालेखा नियन्त्रक कार्यालय, राजस्व परामर्श बोर्ड । |
| १.३. सहभागितामूलक पद्धतिबाट क्षेत्रगत वर्गीकरण सहितको आयोजना बैंक निर्माण गर्ने, सङ्घीयस्तरको सफ्टवेरमा सङ्घ, प्रदेश र स्थानीय तहको परियोजना बैंकमा रहने आयोजनाको प्रविष्टि गर्ने पद्धति विकास गर्ने र आम नागरिकको पहुँचमा हुने गरी सार्वजनिक गर्ने । | खुला तथ्याङ्क स्वरुपमा तयार गरी सार्वजनिक गरिएको आयोजना बैंक | राष्ट्रिय योजना आयोगको वेभ पोर्टल | नियमित | राष्ट्रिय योजना आयोग | सबै तहका विषयगत मन्त्रालयहरू, विभाग तथा कार्यालयहरू |

| क्रियाकलाप | प्रगति मापनका सूचकहरू | स्रोत | समय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| **चरण २ : बजेट तर्जुमा** | | | | | |
| २.१. क. पूर्वबजेट विवरण (बृहत् अर्थशास्त्रीय परिसूचक, प्रक्षेपित आय, व्यय र वित्तीय व्यवस्था, राष्ट्रिय गौरवका आयोजना तथा बजेटको प्राथमिकतामा मुख्य परिवर्तन र त्यसबाट अर्थतन्त्रमा पर्ने प्रभावको तत्थ्य र आँकडा सहित) सार्वजनिकीकरण । | आधारभूत आर्थिक र वित्तीय सूचना सहित सहितको पूर्व बजेट विवरण तयारी र सार्वजनिकीकरण | अर्थ मन्त्रालयको वेभसाइट | हरेक बर्ष बैशाख १५ गते भित्र | अर्थ मन्त्रालय /राष्ट्रिय योजना आयोग | प्राकृतिक स्रोत तथा वित्त आयोग/राष्ट्रिय योजना आयोग/नेपाल राष्ट्र बैंक |
| २.१.ख. पूर्वबजेटमा नागरिक पृष्ठपोषण प्राप्तिका लागि विद्युतीय माध्यम (वेभसाइट, मोबाइल एप्लीकेशन आदि) बाट सुझाव संकलन र समुदायमा प्रत्यक्ष सम्वाद गर्ने । | पूर्व बजेटमा प्राप्त नागरिक सुझाव र पृष्ठपोषण | सुझाव र पृष्ठपोषणका अभिलेख | हरेक बर्ष बैशाख महिना भर | अर्थ मन्त्रालय/ राष्ट्रिय योजना आयोग/संसदको अर्थ समिति | |
| २.२. संसदको अर्थ समितिमा पूर्व बजेट परामर्श लगायत बजेट तर्जुमा चरणमा गरिने छलफलमा नागरिक सहभागितालाई खुला, र समावेशी बनाउन कार्यविधि तर्जुमा गरी नागरिक परामर्शको अभ्यास संस्थागत गर्ने । | कार्यविधिको उपलब्धता र यसको कार्यान्वयन | संसद सचिवालयको वेभसाइट,<br>नागरिक पृष्ठपोषणका अभिलेख र<br>प्रतिवेदन | प्रथम बर्ष (कार्यविधि तयारी)<br><br>हरेक बर्ष पौषदेखि जेष्ठ १५ सम्म (नागरिक परामर्श तथा पृष्ठपोषण) | संसदको अर्थ समिति | संसद सचिवालय/ सार्वजनिक लेखा समिति |
| २.३. आगामी आर्थिक बर्षको कर तथा राजस्व नीतिका सम्बन्धमा नागरिक सङ्घ संस्था र आम नागरिकसँग गरिने परामर्श र पृष्ठपोषण प्राप्तीको समय तालिका, विधि र माध्यम (विद्युतीय तथा अन्य) निर्धारण गरी कार्यान्वयन गर्ने । | निर्धारित विधि र यसको कार्यान्वयन | राजस्व परामर्श समिति अर्थ मन्त्रालयको वेभसाइट<br><br>नागरिक पृष्ठपोषणका अभिलेख | प्रथम बर्ष (विधि निर्धारण)<br><br>हरेक बर्ष | राजस्व परामर्श समिति | अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, प्राकृतिक स्रोत तथा वित्त आयोग |
| २.४. बजेट तर्जुमा चरणमा महिला, दलित तथा सीमान्तकृत समुदाय लगायत लक्षित बर्गको सहभागिता सुनिश्चित गर्ने गरी विभिन्न माध्यम र विधि अवलम्वन गर्ने । | पृष्ठपोषण प्राप्तिका लागि अवलम्वन गरिएका विधि र माध्यमर सहभागिताको अवस्था | अर्थ मन्त्रालयको वेभसाइट र अन्तरक्रियात्मक अनलाइन प्लाटफर्म, प्रत्यक्ष सम्वाद र सहभागिताको खण्डीकृत विवरण सहितको प्रतिवेदन | प्रथम बर्ष र नियमित | अर्थ मन्त्रालय | सङ्घीय मामिला तथा सामान्य प्रशासन र महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, विभिन्न विषयतगत संवैधानिक आयोगहरू |

| क्रियाकलाप | प्रगति मापनका सूचकहरू | स्रोत | समय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २.५. बजेट पुस्तिकामा प्रशासनिक एकाइका अतिरिक्त कार्यक्रमको शीर्षक र उपशीर्षकमा लैङ्गिक सङ्केत समावेश गर्ने। | लैगिक संकेत सम्वन्धि परिमार्जित प्रावधान परिमार्जन र यसको कार्यान्वयन | रातो किताब | प्रथम वर्ष र हरेक वर्ष | अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग | लैंगिक उत्तरदायी बजेट तर्जुमा समिति र महालेखा नियन्त्रको कार्यालय |
| २.६. क. कार्यकारीको बजेट प्रस्तावसंगै सवै सान्दर्भिक दस्ताबेज सार्वजनिकीकरणलाई निरन्तरता दिने र बजेटका आँकडालाई खुला तथ्यांक स्वरुप (मेसिन रिडेवल फर्म्याट) मा वेभ पोर्टलबाट सार्वजनिक गर्ने।<br>२.६. ख. बजेटको अप्राविधिक संस्करण अर्थात् नागरिक बजेट तयार गरी बजेट प्रस्तावसंगै प्रकाशन गर्ने। | खुला तथ्याङ्क स्वरुपमा बजेट सूचनाको उपलब्धता<br>नागरिक बजेटको सार्वजनिकीकरण | अर्थ मन्त्रालय र महालेखा नियन्त्रको वेभ पोर्टल, राष्ट्रिय तथ्याङ्क पोर्टल, नागरिक एप आदि. | हरेक वर्ष | अर्थ मन्त्रालय/ महालेखा नियन्त्रकको कार्यालय | राष्ट्रिय सूचना आयोग सूचना प्रविधि मन्त्रालय |
| **चरण ३ : बजेट अनुमोदन** | | | | | |
| ३.१. बजेट प्रस्तावमाथि संसदीय छलफलको क्रममा बजेटका बृहत क्षेत्र (बृहत् अर्थशास्त्रीय सबाल, कर तथा राजस्व नीति र राजस्व प्रशासन, सामाजिक क्षेत्रमा गरिने खर्चको नीति, घाटा बजेट पूर्ति र ऋणको स्तर, सार्वजनिक लगानीका परियोजनाहरू, सार्वजनिक सेवा वा अन्य सान्दर्भिक क्षेत्र) मा नागरिकले संसद र आफ्ना प्रतिनिधिलाई सुझाव पठाउन मिल्ने व्यवस्था गर्ने। | सुझाव तथा पृष्ठपोषण सङ्कलनको विधि र माध्यमहरू (कल सेन्टर, मोबाईल एप्लीकेशन, सुझाव पेटिका, ईमेल आदि) को उपलब्धता | संबन्धित सचिवालयको वेभसाइट र अन्य माध्यमहरू | हरेक बर्ष | संसद सचिवालय | अर्थ मन्त्रालय, राजनीतिक दलको संसदीय दल, सांसदहरू, गाउँ नगर कार्यपालिका, नागरिक संघ संस्थाहरू |
| ३.२. कार्यकारीको बजेट प्रस्तावमा भएका छलफल तथा सुझाव समेटिएको विश्लेषणात्मक प्रतिवेदन सञ्चार माध्यम र नागरिकका लागि पारित बजेटसँगै सार्वजनिक गर्ने। | बजेट प्रस्तावको संसदीय समिक्षा प्रतिवेदन | संसद सचिवालयको वेभसाईट | हरेक वर्ष | संसद सचिवालय | संसद सचिवालयले नियुक्त गरेका बजेट विज्ञ |
| ३.३. बजेटमाथिको दफावार छलफल प्रारम्भ गर्नुअघि प्रतिनिधिमुलक नागरिक सुनुवाई गर्ने। | सुनुवाई र सहभागिताको अभिलेख | प्रत्यक्ष प्रसारण तथा नागरिक सुनुवाई प्रतिवेदन | हरेक वर्ष जेष्ठ तेस्रो साता | संसदको अर्थ समिति | संसद सचिवालय सार्वजनिक प्रसारण संस्था, आम सञ्चारका माध्यम |

| क्रियाकलाप | प्रगति मापनका सूचकहरू | स्रोत | समय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| **चरण ४ : बजेट कार्यान्वयन** | | | | | |
| ४.१. बजेट कार्यान्वयनको प्रगति प्रतिवेदन र विशेषगरी अर्ध वार्षिक र वार्षिक प्रतिवेदनलाई बजेट कार्यान्वयनको यथार्थ अवस्था झल्कने गरी कार्यक्रम तहको विनियोजन र खर्चको तुलनात्मक विश्लेषण सहित थप जानकारीमूलक बनाउने । | विस्तृत वित्तीय सूचना सहितको अर्ध वार्षिक र वार्षिक प्रतिवेदनको उपलब्धता | अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयको वेभसाइट | प्रथम वर्षदेखि हरेक वर्ष | अर्थ मन्त्रालय र मलेनिका | महालेखा नियन्त्रक कार्यालय |
| ४.२. क. निश्चित विषयगत क्षेत्र (शिक्षा, स्वास्थ्य, विपद् व्यवस्थापन आदि) मा स्वतन्त्र निकाय वा नागरिक सङ्घ संस्थाबाट सार्वजनिक खर्च पछ्याउने सर्वेक्षण (PETS) गर्ने, सङ्घीय स्तरबाट कार्यान्वयन हुने कार्यक्रम तथा महत्वपूर्ण पूर्वाधारको तेस्रो पक्ष अनुगमन गर्ने र सबै किसिमका अनुगमनमा लाभग्राही समुदाय तथा नागरिक सङ्घ संस्थासङ्ग परामर्श लिने जस्ता नागरिक निगरानीका अभ्यास संस्थागत गर्ने । | सार्वजनिक खर्च पच्छ्याउने सर्वेक्षण, तेस्रो पक्ष अनुगमन लगायत नागरिक अनुगमन भएका संघीय कार्यक्रम तथा परियोजना संख्या | अर्थ मन्त्रालय, योजना आयोग र सम्वन्धित निकायको वेभसाइटबाट सार्वजनिक प्रतिवेदनहरू | पहिलो बर्ष देखि हरेक बर्ष | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, सम्बन्धित मन्त्रालय र निकायहरू, महालेखा नियन्त्रक कार्यालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको सचिवालय |
| ४.२. ख. बजेट तथा कार्यक्रम कार्यान्वयनको अनुगमन सम्वन्धमा सञ्चार क्षेत्र र नागरिक सङ्घ संस्थाको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने । | तालिम प्राप्त सञ्चारकर्मी तथा नागरिक संघ संस्थाहरू | तालिमका अभिलेख | हरेक वर्ष | अर्थ मन्त्रालयमा रहेको सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | अर्थ मन्त्रालय |
| ४.३. राष्ट्रिय गौरवका सबै आयोजनामा आयोजना कार्यान्वयनको क्रममा र सम्पन्न भइसकेपछि लाभग्राही सन्तुष्टि सर्वेक्षण गर्ने । | सर्वेक्षण संख्या | राष्ट्रिय योजना आयोग र सम्बन्धित निकायको वेभसाइट सार्वजनिक सर्वेक्षण प्रतिवेदन | पहिलो बर्ष र हरेक बर्ष (मध्यावधि र समापन पछि) | सम्बन्धित निकाय र राष्ट्रिय योजना आयोग | अर्थ मन्त्रालय |
| ४.४. आय र व्ययका प्राविधिक पक्ष, बृहत अर्थशास्त्रीय सबाल, बजेटमा संसदीय निगरानी तथा सार्वजनिक वित्त व्यवस्थापनका विभिन्न आयाममा रहेर विषयगत संसदीय विषयगत समितिलाई प्रशिक्षण गर्ने । | तालिम प्राप्त सांसद तथा समिति सदस्य संख्या | तालिमका अभिलेख | पहिलो बर्ष र हरेक वर्ष आवश्यकता अनुसार | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | संघीय संसद सचिवालय |

| क्रियाकलाप | प्रगति मापनका सूचकहरू | स्रोत | समय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ४.५. सार्वजनिक खरीद नियमावलीमा रहेको विद्युतीय खरिद सम्बन्धी प्रावधानमा आवश्यक परिमार्जन गरी सार्वजनिक खरिद र सोको वर्तमान प्रगति (परियोजना, निर्माण व्यवसायी, ठेक्का रकम, अपेक्षित र यथार्थ प्रगति आदि) को अवस्था समेत देखिने गरी सबै तहका विस्तृत सूचना एउटै वेभ पोर्टलबाट सार्वजनिक गर्ने । | परिमार्जित कार्यविधि तथा नियमावलीहरूको उपलब्धता<br>सार्वजनिक खरिद र प्रगति सम्बन्धी तथ्याङ्क र सूचनाको उपलब्धता र पहुँच | खरिद अनुगमन कार्यालयको वेभ पोर्टल | प्रथम बर्ष (परिमार्जित कार्यविधि)<br>वास्तविक समय (तथ्यांक) | सार्वजनिक खरिद अनुगमन कार्यालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय तथा सबै मन्त्रालय र निकायहरू |
| ४.६. मध्यावधि समीक्षा र सोको प्रतिवेदन सार्वजनिकीकरणको समयमा प्रतिनिधिमूलक नागरिक सहभागिता गराई बजेट कार्यान्वयनमा देखिएका कमजोरी सुधारका सन्दर्भमा सुझाव लिने अभ्यास गर्ने । | मध्यावधि समीक्षा प्रतिवेदनमा आधारित रहेर तयार गरिने नागरिकबाट परामर्शका अभ्यास | अर्थ मन्त्रालय र विषयगत मन्त्रालयको वेबसाटमा प्रकाशित प्रतिवेदन | पहिलो बर्षदेखि हरेक वर्ष | अर्थ मन्त्रालय र विषयगत मन्त्रालयहरू | राष्ट्रिय योजना आयोग |
| ४.७. बजेट कार्यान्वयनको समिक्षाका सन्दर्भमा कार्यान्वयन निकायले गर्ने नागरिक परामर्शलाई थप व्यवस्थित गर्न अग्रिम रुपमा छलफलको एजेण्डा, छलफलको विधि, समय, सो सम्बन्धी कुनै अध्ययन सामग्री तयार भएको भए त्यस्तो सामग्री सहित सम्बन्धित सहभागीलाई उपलब्ध गराउने अभ्यास संस्थागत गर्ने । | बैठकका एजेण्डा तथा निर्णयहरूको सार्वजनिक जानकारी | सम्बन्धित निकायका प्रक्रियागत प्रतिवेदन | पहिलो बर्षदेखि हरेक बर्ष (बजेट कार्यान्वयनका क्रममा हुने अन्तरक्रिया अघि र पछि) | विषयगत मन्त्रालयहरू तथा अन्य बजेट कार्यान्वयन निकाय | अर्थ मन्त्रालय |
| ४.८. क. सार्वजनिक संस्थानको आय, व्यय, सम्पत्ति तथा दायित्व, ऋण, लगानी, बेरुजु लगायतका प्रतिवेदन हरेक ३ महिनामा सार्वजनिक गर्ने ।<br>ख. सार्वजनिक प्रतिवेदनहरूमाथि सम्बन्धित संस्थानले सरोकारवाला संघ संस्था तथा नागरिकसँग प्रत्यक्ष र परोक्ष नागरिक संवाद तथा परामर्श गर्ने । | सार्वजनिक त्रैमासिक प्रतिवेदनहरूको उपलब्धता<br>नागरिक संवाद र सुनुवाई संख्या र सहभागिता | अर्थ मन्त्रालय र सम्बन्धित सार्वजनिक संस्थानको वेभसाइट संबाद र सुनुवाईका अभिलेख र सहभागिताको विवरण | | सबै सार्वजनिक संस्थान, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | अर्थ मन्त्रालय, राष्ट्रिय सूचना आयोग, महालेखा नियन्त्रक कार्यालय |
| ४.९. बजेटको खर्च शिर्षकमा गरिएका स्रोतान्तर र रकमान्तर सम्बन्धी प्रतिवेदन नियमित सार्वजनिक गर्ने । | रकमान्तर र स्रोतान्तर सम्वन्धी सूचनको उपलब्धता र पहुँच | अर्थ मन्त्रालयको वेभसाइट | पहिलो बर्षदेखि हरेक महिना | अर्थ मन्त्रालय | महालेखा नियन्त्रकको कार्यालय |

| क्रियाकलाप | प्रगति मापनका सूचकहरू | स्रोत | समय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ४.१०. क. महामारी तथा विपदको समय परिस्थितिमा हुने बजेट विनियोजन, रकमान्तर र स्रोतान्तर सम्बन्धी कार्यविधि निर्माण गर्ने ।<br>ख. त्यस्ता संबन्धित सूचना नियमित सार्वजनिक गर्ने र प्रतिनिधिमूलक नागरिक संवाद गर्ने ।<br>ग. आपत्कालीन समयमा गरिने प्रमुख सार्वजनिक खरीदको नागरिक सहभागितामा अनुगमन गर्ने । | कार्यविधिको उपलब्धता<br><br>सूचनाको सार्वजनिकीकरण नागरिक संवादको अभ्यासहरू<br><br>सहभागितामुलक अनुगमनको अभ्यास | अर्थ मन्त्रालयको वेभसाइट<br><br>नागरिक संवाद र सुनुवाईका अभिलेख<br><br>सहभागितामुलक अनुगमन प्रतिवेदन | दोस्रो बर्ष<br><br>हरेक महिना<br><br>हरेक महिना | अर्थ मन्त्रालय<br><br>अर्थ मन्त्रालय<br><br>सार्वजनिक खरीद अनुगमन कार्यालय, सम्वन्धित मन्त्रालय तथा निकाय । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br><br>राष्ट्रिय सूचना आयोग<br><br>अर्थ मन्त्रालय |
| **चरण ५ : लेखांकन र प्रतिवेदनको चरण** | | | | | |
| ५.१. त्रैमासिक, अर्ध वार्षिक र वार्षिक प्रतिवेदनलाई बजेट कार्यान्वनयको यथार्थ अवस्था झल्कने गरी कार्यक्रम तहको विनियोजन र खर्चको तुलनात्मक विश्लेषण सहित थप जानकारीमूलक बनाउने । | वित्तीय प्रगति प्रतिवेदनहरूमा वित्तीय सूचनाको उपलब्धताको स्तर | अर्थ मन्त्रालयको वेभसाइट | प्रथम बर्षदेखि हरेक बर्ष | अर्थ मन्त्रालय | महालेखा नियन्त्रक कार्यालय |
| ५.२.क. हाल सञ्चालनमा रहेका लेखा तथा बजेट सूचना प्रणाली एकीकृत गरी एउटै पोर्टलबाट सबै तहको बजेट कार्यान्वयनसम्बन्धी तत्थ्याङ्क थप विस्तृत रुपमा आर्थिक, प्रशासनिक र कार्यगत तथा तहगत वर्गीकरण सहित खुला तथ्याङ्क स्वरुपमा सार्वजनिकीकरण गर्ने ।<br><br>५.२. ख. प्रदेश र स्थानीय तहको आन्तरिक राजस्व र राजस्व बाँडफाँडको विवरण अलग्गै देखिने गरी राष्ट्रिय स्तरबाट खुला तथ्याङ्क स्वरुपमा सार्वजनिक गर्ने । | एउटै पोर्टलबाट विस्तृत वित्तीय तथ्याङ्क सहित दैनिक प्रतिवेदनको उपलब्धता | महालेखा नियन्त्रक कार्यालयको वेभ पोर्टल | दैनिक | महालेखा नियन्त्रक कार्यालय, राजस्व संकलनमा संलग्न सबै तह र निकाय | अर्थ मन्त्रालय, विषयगत मन्त्रालय तथा निकायहरू |
| ५.३. सबै तहमा रहेका सार्वजनिक सम्पत्तिको अभिलेख चुस्त बनाउने, नियमित अध्यावधिक गर्ने र अध्यावधिक अभिलेख एउटै राष्ट्रिय पोर्टलबाट सार्वजनिक हुने व्यवस्था मिलाउने । | सार्वजनिक सम्पतिको अध्यावधिक अभिलेखको खुला तथ्याङ्क स्वरुपमा उपलब्धता | महालेखा नियन्त्रक कार्यालयको वेभ पोर्टल | नियमित | महालेखा नियन्त्रक कार्यालय | सबै तहका सरकारी कार्यालय |

| क्रियाकलाप | प्रगति मापनका सूचकहरू | स्रोत | समय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| **चरण ६ : बाह्य लेखापरीक्षण र निगरानी** | | | | | |
| ६.१. क. लेखापरीक्षण निर्देशिकामा व्यवस्थित गरी कार्यमुलक लेखापरीक्षणमा नागरिक संस्थाको सहभागितालाई मूल प्रवाहीकरण गर्ने, सूचनाको हक सम्वन्धि ऐन अनुसार स्वतः खुलासा गर्नुपर्ने सूचना सार्वजनिकीकरणलाई कार्यमुलक लेखापरीक्षणको सूचक बाउने ।<br>६.१. ख. वातावरणीय लेखापरीक्षण, सूचना प्रविधि लेखा परीक्षण, विशेष लेखा परीक्षण आदिलाई पनि सहभागितामुलक बनाउने ।<br>६.१. ग. वित्तीय र नियमितता लेखापरीक्षणका क्रममा जोखिम विश्लेषण तथा लेखापरीक्षण योजना तयारीमा नागरिक सुझाव लिने पद्धति, लेखापरीक्षणको सान्दर्भिक विषयमा अनुसन्धानका क्रममा नागरिकले आफ्नो धारणा राख्ने पाउने औपचारिक विधि तथा लेखा परीक्षण सुझावको फलोअपमा नागरिक नागरिक संलग्नताको विधि निर्धारण र कार्यान्वयन गर्ने ।<br>६.१. घ. लेखापरीक्षणका लागि जिल्ला स्तरमा रहने डोर कार्यालयमा नागरिकले सुझाव वा गुनासो पेश गर्न सक्ने विधि तय गरी कार्यान्वयन गर्ने । | अध्यावधिक लेखापरीक्षण निर्देशिका र नागरिक सहभागिताका विधिहरू | महालेखापरीक्षकको वेभसाइट | प्रथम बर्ष | महालेखापरीक्षकको कार्यालय | |

| क्रियाकलाप | प्रगति मापनका सूचकहरू | स्रोत | समय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ६.२. क. महालेखापरीक्षकले सम्पूर्ण तहगत र निकायगत लेखापरीक्षण प्रतिवेदन नागरिकको सहज पहुँच हुने गरी सार्वजनिक गर्ने र लेखापरीक्षणको फलोअपमा नागरिक संलग्नता सहज बनाउन डिजिटल प्लाटफर्महरूको प्रवन्ध गर्ने । | निकायगत लेखापरीक्षण प्रतिवेदनको उपलब्धता<br><br>डिजिटल प्लाटफर्ममा लेखापरीक्षण प्रतिवेदनमा केन्द्रित प्रतिक्रिया | महालेखापरीक्षक र सम्बन्धित निकायको वेभसाइट<br>वेभ पोर्टल तथा मोबाइल एप्लीकेशन | हरेक वर्ष प्रतिवेदन प्रस्तुत भएको ७ दिन भित्र | महालेखापरीक्षकको कार्यालय र संघीय स्तरका सबै निकाय | |
| ६.३. लेखापरीक्षण प्रतिवेदनले पहिचान गरेका विषयवस्तुको फलोअप लगायत संसदको सार्वजनिक लेखा समितिका कार्यमा प्रतिनिधिमुलक र समावेशी नागरिक सहभागिताको विधि, माध्यम र समयतालिका निर्धारण र कार्यान्वयन गर्ने । | सहभागिताको निर्धारित विधि र मध्यमहरू (प्रत्यक्ष संवाद र परामर्श) | संसद सचिवालयको वेभसाइट | नियमित | सार्वजनिक लेखा समिति | संसद सचिवालय |
| ६.४. संसदीय विषयगत समितिहरूबाट बजेट कार्यान्वयनका क्रममा सरकारले तयार गर्ने आवधिक (मासिक, त्रैमासिक, अर्ध वार्षिक आदि) प्रतिवेदनको विश्लेषण प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने । | बजेट कार्यान्वयनको सन्दर्भमा संसदीय विषयगत समितिको अध्ययन प्रतिवेदनको सार्वजनिकीकरण | संसद सचिवालयको वेभसाइटमा प्रकाशन | पहिलो बर्षदेखि हरेक वर्ष | संसदीय विषयगत समितिहरू | संसद सचिवालय |
| ६.५. बजेट सम्बन्धित परामर्श तथा सांसदहरूको प्राविधिक सहायताका लागि संसदमा विज्ञ जनशक्ति सहितको बजेट कार्यालय स्थापना गर्ने । | बजेट कार्यालय र विज्ञ जनशक्तिको उपलब्धता | संसद सचिवालयको संगठन संरचना | दोस्रो वर्ष | संघीय संसद सचिवालय | अर्थ मन्त्रालय |
| ६.६. आम सञ्चारका माध्यमबाट वित्तीय जोखिमका विभिन्न क्षेत्रबारे चेतनामुलक सार्वजनिक सूचना तयारी र प्रकाशन/प्रसारण गर्ने । | बजेट निगरानीका सचेतनामुलक सन्देश प्रवाहको अभ्यास | पेफा सचिवालय तथा संसद सचिवालयको वेभसाइट | नियमित | संसद सचिवालय, महालेखापरीक्षकको कार्यालय र पेफा सचिवालय | सार्वजनिक लेखा समिति |
| ६.७. सङ्घीय सरकारबाट जिल्ला, निर्वाचन क्षेत्र वा स्थानीय तह स्तरमा कार्यान्वयन गरिने पूर्वाधार विकासका परियोजनामा सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाइ जस्ता सेवा प्रदायक र सेवाग्राही बिच प्रत्यक्ष अन्तरक्रिया हुने विधिहरू कार्यान्वयन गर्ने । | सार्वजनिक परीक्षण र सुनुवाइ संख्या | सम्बन्धित निकायको वेभसाइट तथा खुला सुनुवाइ | नियमित | सबै बजेट कार्यान्वयन निकाय | पेफा सचिवालय |

| क्रियाकलाप | प्रगति मापनका सूचकहरू | स्रोत | समय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| **प्रादेशिक तह** | | | | | |
| **उद्देश्य २**: प्रभावकारी नागरिक संलग्नताको माध्यमबाट प्रदेश बजेटलाई स्थानीय विकासको आवश्यकता र लगानीको रणनीतिक प्राथमिकतासँग आबद्ध गराउने<br>**उपलब्धी मापनको सूचक :** प्रदेश तहको सार्वजनिक वित्त व्यवस्थापन प्रक्रियाको खुलापनको प्रादेशिक लेखाजोखा प्रतिवेदन र प्रादेशिक विकास सूचकाङ्क<br>**प्रमूख रणनीतिहरू :** मध्यमकालीन खर्च संरचनालाई प्रादेशिक विकास रणनीतिसँग आबद्ध गर्ने, बजेटमा सार्वजनिक निगरानीको अवसर खुला गर्ने, प्रदेश बजेटलाई योजना निर्माणका सन्दर्भमा समुदाय र स्थानीय तहबाट प्राप्त भएका सुझाव र पृष्ठपोषणमा आधारित बनाउने र बजेटका समग्र प्रक्रियालाई समावेशी र सहभागितामूलक बनाउने । | | | | | |
| **चरण १ : आवधिक/रणनीतिक योजना निर्माण र वित्तीय प्रक्षेपण** | | | | | |
| १.१. प्रदेश तहको आवधिक तथा रणनीतिका योजना निर्माणको क्रममा तयार हुने प्रारम्भिक मस्यौदामा नागरिक सङ्घ संस्थासँग प्रत्यक्ष छलफल तथा सार्वजनिक सूचना प्रकाशन गर्ने । मस्यौदामा नागरिक सुझाव तथा पृष्ठपोषण सङ्कलनको विधि निर्माण र कार्यान्वयन गर्ने । | आवधिक योजनाको सार्वजनिक प्रारम्भिक मस्यौदा सार्वजनिकीकरण र नागरिक संलग्नताको निर्धारित विधि र अभ्यास | प्रदेश नीति तथा योजना आयोगको वेभसाइट, सुझाव सङ्कलनको सार्वजनिक माध्यम | हरेक योजना निर्माणको समय | प्रदेश नीति तथा योजना आयोग | मुख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, अर्थ मन्त्रालय |
| १.२. सवै प्रदेशमा प्रदेश मध्यमकालीन खर्च संरचना तयारीलाई अनिवार्य गर्ने र मध्यावधि समीक्षासँगै यो औजार विकास गरी सार्वजनिक गर्ने । मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदामा नागरिक पृष्ठपोषणका लागि सार्वजनिक गर्ने तथा सुझाव र पृष्ठपोषणको विधि र ढाँचा समेत सार्वजनिक गर्ने । | नागरिक पृष्ठपोषणको अवसरसहित मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा सार्वजनिकीकरण अभ्यास | प्रदेश नीति तथा योजना आयोगको वेभसाइट, सुझावका लागि जारी सूचना तथा प्रतिवेदन | हरेक वर्ष मध्यावधि समीक्षासँगै | प्रदेश नीति तथा योजना आयोग र अर्थ मन्त्रालय | विषयगत मन्त्रालय |
| १.३. सहभागितामूलक पद्धति अवलम्बन गरी प्रदेश तहको परियोजना बैंक निर्माण गर्ने, त्यस्ता परियोजनाको सूचि सार्वजनिक गर्ने । | प्रदेश स्तरको योजना बैंक तयारी र सार्वजनिकीकरण अभ्यास | प्रदेश नीति तथा योजना आयोगको वेभसाइट/पोर्टल | दोस्रो वर्ष | प्रदेश नीति तथा योजना आयोग | राष्ट्रिय योजना आयोग |
| १.४. आयोजना बैंकमा रहेका आयोजनालाई वार्षिक बजेटमा राख्ने प्रावधान सहित प्रदेश बजेट तर्जुमा दिग्दर्शन तयारी र कार्यान्वयन गर्ने । | परिमार्जित दिग्दर्शन र अभ्यास | प्रदेश अर्थ मन्त्रालयको वेभसाइट तथा खुला अभ्यास | दोस्रो वर्ष | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय | नीति तथा योजना आयोग |

| क्रियाकलाप | प्रगति मापनका सूचकहरू | स्रोत | समय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १.५. आवधिक तथा रणनीतिक योजना, मध्यमकालीन खर्च संरचना र परियोजना बैंकको अवधारणा कार्यान्वयनका लागि विशेषज्ञ जनशक्तिको प्रबन्ध गर्ने । | प्राविधिक जनशक्तिको उपलब्धता | नीति तथा योजना आयोगको सङ्गठन संरचना र जनशक्ति | नीति तथा योजना आयोग | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय | मुख्यमन्त्रीको कार्यालय |
| **चरण २ : बजेट तर्जुमा** | | | | | |
| २.१. प्रदेश सभामा बजेट प्रस्तुत हुनुभन्दा कम्तीमा १ महिना अघि सभा र नागरिकका लागि पूर्व बजेट विवरण सार्वजनिक गर्ने कानूनी प्रबन्ध गर्ने । | पूर्व बजेट विवरण संबन्धी परिमार्जित प्रावधान सहित आर्थिक कार्यविधि ऐनमा भएको संशोधन | प्रदेश अर्थ मन्त्रालयको वेभसाइट | प्रथम वर्ष | प्रदेश सभाहरू | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| २.२. पूर्व बजेटलाई न्यूनतम अन्तराष्ट्रिय मापदण्ड अनुसार थप जानकारीमूलक (प्रदेशको आर्थिक परिदृश्य, राजस्व, खर्च र वित्तीय व्यवस्थाको झलक, प्रदेश स्तरका गौरवका आयोजना, बजेटका प्राथमिकतामा गर्न लागेको तात्विक परिवर्तनको व्याख्या लगायतका सूचना सहित) बनाउने | आधारभूत वित्तीय सूचना सहितको पूर्व बजेट विवरणको उपलब्धता | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको वेभसाइट | हरेक वर्ष बजेट पेश हुनुभन्दा कम्तीमा १ महिना पहिले | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| २.३. पूर्व बजेटमा सभा र नागरिकको सुझाव एकीकृत गरी सभाको अर्थ तथा योजना समितिले प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेश गर्ने । | पूर्व बजेट विवरणका आधारमा प्राप्त सुझाव र पृष्ठपोषण | अर्थ मन्त्रालय र प्रदेशसभा सचिवालयको वेभसाइट | हरेक वर्ष बजेट पेश हुनुभन्दा ७ दिन पहिले | प्रदेश अर्थ मन्त्रालय तथा सभाको अर्थ समिति | प्रदेश सभा सचिवालय/नागरिक संघ संस्था |
| २.४. राजस्व सम्बन्धी सबालमा प्रदेशसभा अन्तर्गतको अर्थ समितिले नागरिकको सुझाव लिने विधि निर्धारण गरी प्रत्यक्ष र अप्रत्यक्ष सहभागिताको विधिबाट प्राप्त सुझावको विवरण सहितको विश्लेषणात्मक प्रतिवेदन सार्वजनिक गर्ने । | परामर्श, सुझाव र पृष्ठपोषणको अभ्यास | प्रदेशसभा सचिवालयको वेभसाइटमा उपलब्ध प्रतिवेदन | दोस्रो वर्ष (विधि निर्धारण)<br>हरेक वर्ष (कार्यान्वयन) | प्रदेश सभा अन्तर्गतको अर्थ समिति | प्रदेशसभा सचिवालय |
| २.५. राजस्व परामर्श समितिले राजस्व नीति सम्बन्धमा खुला रुपमा सुझाव लिने अभ्यासलाई निरन्तरता दिने, नागरिक संस्थासँग प्रत्यक्ष अन्तरक्रियाको अभ्यास संस्थागत गर्ने र सबै सुझावलाई एकीकृत गर्ने। | नागरिक सुझाव तथा पृष्ठपोषण प्राप्ति, विश्लेषण र प्रतिवेदन अभ्यास गर्ने | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको वेभसाइट | नियमित | राजस्व परामर्श समिति | प्रदेश अर्थ मन्त्रालय र नीति तथा योजना आयोग |

| क्रियाकलाप | प्रगति मापनका सूचकहरू | स्रोत | समय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २.६. कार्यकारीको बजेट प्रस्तावसँगै रातो कितावको अप्राविधिक संस्करण अर्थात् नागरिक बजेट सार्वजनिक गर्ने । | नागरिक बजेटको उपलब्धता | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको वेभसाइट | हरेक वर्ष बजेट पेश भएको ७ दिन भित्र | आर्थिक मामिला तथा योजना मन्त्रालय | |
| २.७. संघीय सरकारको नमुना दिग्दर्शनमा आधारित रहेर प्रदेश तहमा लैङ्गिक बजेट तर्जुमा दिग्दर्शन तयार गरी लागु गर्ने र बजेट विवरण (रातो किताव) मा लैङ्गिक दृष्टिकोणले निर्दिष्ट, सहयोगी र तटस्थ बजेटको सङ्केत राख्ने पद्धति संस्थागत गर्ने। | लैंगिक बजेट तर्जुमा दिग्दर्शन र लैंगिक बजेट संकेत सहितको रातो किताब तयारी सार्वजनिकीकरण | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको वेभसाइट | प्रथम वर्ष र हरेक वर्ष | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय र नीति तथा योजना आयोग | लैंगिक उत्तरदायी बजेट समिति र विषयगत मन्त्रालयहरू |
| २.८. क. उपभोक्ता समितिबाट पूर्वाधारका परियोजनाको माग गर्ने प्रक्रियामा सुधार गरी . परियोजना बैंकमा समावेश भएका र लगानी योग्य आयोजना छनोट गर्ने नागरिक सहभागितामूलक पद्धति निर्धारण र कार्यान्वयन गर्ने ।<br><br>२.८. ख. बजेट तर्जुमा प्रक्रियाका विभिन्न चरणमा नागरिक सुझाव प्राप्तिको कार्यलाई बजेट तर्जुमा तालिकामा समावेश गर्ने । | बजेट तर्जुमा दिग्दर्शननमा समावेश परिवर्तित प्रावधान | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालय को वेभसाइट | दोस्रो वर्ष र हरेक वर्ष | प्रदेश अर्थ मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश नीति तथा योजना आयोग |
| २.९. निर्वाचन क्षेत्रस्तरीय बजेट तर्जुमा गोष्ठीमा नागरिक सङ्घ संस्थाको सहभागिताको व्यवस्था गर्ने, गोष्ठी जनप्रतिनिधि र नागरिक संस्थाको समूहका बिच फरक फरक चरणमा गर्ने । बजेट तर्जुमा प्रक्रियाभर अनलाइन र प्रत्यक्ष अन्तरक्रियाको माध्यमबाट नागरिक सुझाव संकलन गर्ने । | निर्वाचन क्षेत्र स्तरीय सहभागितामूलक बजेट तर्जुमा गोष्ठी तथा सङ्कलित सुझाव सम्बन्धी प्रतिवेदन | खुला सभा तथा आर्थिक मामिला तथा योजना मन्त्रालयको वेभसाइट रहेका प्रतिवेदन | हरेक वर्ष | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश योजना आयोग र नागरिक संघ संस्था |

| क्रियाकलाप | प्रगति मापनका सूचकहरू | स्रोत | समय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| **चरण ३ : बजेट अनुमोदन** | | | | | |
| ३.१. बजेट संसदमा पेश भएपछि सो बारेका स्वीकृति प्रक्रिया अगावै प्रदेश सभामा प्रतिनिधिमुलक नागरिक सहभागिता सहित सुनुवाई गर्ने वा नागरिकले निर्धारित विधिबाट सभा तथा निश्चित सदस्यलाई आफ्नो सुझाव पठाउन सक्ने पाउने प्रबन्ध गर्ने। | सम्बन्धित सुनुवाई वा बैठकको निर्णय, नागरिक सुझावको अभिलेख | खुला सुनुवाइ तथा प्रदेश सभा सचिवालयको वेभसाइट | हरेक वर्ष | प्रदेशसभा सचिवालय | |
| **चरण ४ : बजेट कार्यान्वयन** | | | | | |
| ४.१. रू. ५० लाख माथिका  सबै सार्वजनिक खरिदको सारांश विवरण र सम्झौताको कागजात नियमित अध्यावधिक गरी प्रदेश तहको मुख्यमन्त्रीको कार्यालय अन्तर्गत तोकिएको निकायबाट एकीकृत रुपमा सार्वजनिक गर्ने र त्यस्ता ठेक्कामा भएको प्रगतिको सूचना एउटै  वेभ पोर्टलबाट उपलब्ध गराउने । | सार्वजनिक खरिदसँग सम्बन्धित तथ्याङ्क तथा दस्तावेज सार्वजनिकीकरण | सम्बन्धित निकायको वेभसाइट तथा संघीय सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभ पोर्टल | हरेक वर्ष | विषयगत मन्त्रालय तथा निकायहरू | सार्वजनिक खरिद अनुगमन कार्यालय |
| ४.२. बजेट कार्यान्वयनमा नागरिक संलग्नता तथा साझेदारीको विधि निर्धारण गरी उपभोक्ता समिति तथा निर्माण व्यवसायीबाट गरिने पूर्वाधार विकासका कार्यक्रम कार्यान्वयन र अनुगमनमा नागरिक सहभागिताको विधि निर्धारण गर्ने । | सहभागितामूलक अनुगमन कार्यविधि | प्रदेश नीति तथा योजना आयोग र अर्थ मन्त्रालयको वेभसाइट | दोस्रो वर्ष | प्रदेश नीति तथा योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय |
| ४.३. प्रदेश सरकारबाट कार्यान्वयन हुने जिल्ला, निर्वाचन क्षेत्र र स्थानीय तह स्तरको सबै आयोजनामा नागरिक अनुगमन र प्रमुख आयोजनामा सार्वजनिक खर्च पच्छ्याउने सर्वेक्षण लगायत नागरिक परामर्श र संलग्नता सहितको तेस्रो पक्ष अनुगमनको व्यवस्था गर्ने । | तेस्रो पक्ष अनुगमन भएका परियोजना संख्या र सार्वजनिक खर्च पछ्याउने सर्वेक्षण भएका कार्यक्रम संख्या | प्रदेशसभा सचिवालय, नीति तथा योजना आयोग र विषयगत मन्त्रालयको वेभसाइट | नियमित | संसदीय विषयगत समिति, योजना आयोग र विषयगत मन्त्रालय | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ४.४. पूर्वाधारका कार्यक्रमको अनुगमनमा उपभोक्ताका (उपभोक्ता समितिमा नरहेका) का तर्फबाट प्रतिनिधित्व हुने तथा उपभोक्ताको धारणा सङ्कलन अनिवार्य हुने प्रबन्ध गर्ने । | लाभग्राहीको सहभागितामा अनुगमन गरिएका परियोजना संख्या | प्रदेशसभा सचिवालय, नीति तथा योजना आयोग र विषयगत मन्त्रालयको वेभसाइट | नियमित | संसदीय विषयगत समिति, योजना आयोग र विषयगत मन्त्रालय | आर्थिक मामिला तथा योजना मन्त्रालय |

| क्रियाकलाप | प्रगति मापनका सूचकहरू | स्रोत | समय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ४.५. प्रदेशबाट स्थानीय स्तरमा कार्यान्वयन हुने परियोजनामा नागरिक अनुगमनको प्रबन्ध गर्ने। | नागरिक अनुगमन भएका परियोजना संख्या | सम्बन्धित मन्त्रालय तथा निकायको वेभसाइट | नियमित | विषयगत मन्त्रालय तथा कार्यालयहरू | प्रदेश नीति तथा योजना आयोग |
| ४.६. सार्वजनिक सुनुवाइ र नागरिक संवाद कार्यविधि निर्माण गरी प्रदेश सरकार स्तरमा नागरिक संवाद र जिल्ला स्तरका कार्यालयले हरेक वर्ष कम्तीमा एकपटक बजेट कार्यान्वयनमा केन्द्रित रहेर सार्वजनिक सुनुवाइ गर्ने । | सार्वजनिक सुनुवाइ/संवाद कार्यविधि निर्माण र कार्यान्वयन गरेका प्रदेश सरकार र निकाय संख्या | सामाजिक विकास मन्त्रालयको वेभसाइट, खुला सुनुवाइहरू | प्रथम वर्ष र नियमित | सामाजिक विकास मन्त्रालय, विषयगत मन्त्रालय तथा कार्यालयहरू | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| ४.७. उपभोक्ता समिति गठनका सन्दर्भमा भेलाको अयोजनाका लागि अग्रिम सूचना दिने अभ्यास गर्ने । | खुला भेलाका अभ्यास सार्वजनिक लेखापरीक्षण संख्या | भेला, बैठक र सार्वजनिक लेखापरीक्षणका सूचना तथा प्रतिववेदनहरू | नियमित | विषयगत मन्त्रालय, अन्तर्गतका कार्यालय तथा उपभोक्ता समितिहरू | सामाजिक विकास मन्त्रालय |
| ४.८.उपभोक्ता समितिले कार्य प्रगतिबारे त्रैमासिक रुपमा आम उपभोक्तालाई जानकारी दिने र हरेक आयोजनाको अनिवार्य रुपमा सार्वजनिक लेखापरीक्षण गर्ने । | उपभोक्ता समितिबाट कार्यप्रगति सार्वजनिक गर्ने अभ्यासहरू | सार्वजनिक सूचना, अभिलेख तथा प्रतिवेदनहरू | नियमित | विषयगत मन्त्रालय, अन्तरगतका कार्यालय तथा उपभोक्ता समितिहरू | |
| ४.९. प्रदेश गौरवका र ठूला लगानीका प्रदेश स्तरीय आयोजना तथा कार्यक्रम कार्यान्वयनको क्रममा र समापन पछि लाभग्राही/ नागरिक सन्तुष्टि सर्वेक्षण गर्ने । | लाभग्राही/नागरिक सन्तुष्टी सर्वेक्षण भएका कार्यक्रमको संख्या र प्रतिशत | मुख्य मन्त्री कार्यालय तथा विषयगत मन्त्रालयको वेभसाइटबाट सार्वजनिक प्रतिवेदन | वार्षिक तथा कार्यक्रम समापन भएको वर्ष | विषयगत मन्त्रालय तथा कार्यालयहरू | |
| ४.१०.महामारी तथा राष्ट्रिय वा प्रदेश स्तरमा भएको ठूलो विपद् तथा आपत्कालीन समयमा हुने बजेट विनियोजन, रकमान्तर र स्रोतान्तर सम्वन्धी कार्यविधि निर्माण गर्ने, त्यस्ता सूचना सार्वजनिक गर्ने मासिक प्रतिनिधिमुलक रुपमा नागरिक संवाद गर्ने । | कार्यविधिको उपलब्धता तथा सहभागिताका अभ्यासहरू | आर्थिक मामिला तथा योजना मन्त्रालयको वेभसाइट | सङ्कटकालको समयमा हरेक महिना | आर्थिक मामिला तथा योजना मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| ४.११.विनियोजन ऐन अन्तर्गत रहेर गरिएका स्रोतान्तर र रकमान्तर सम्बन्धी प्रतिवेदन सार्वजनिक गर्ने | रकमान्तर र स्रोतान्तर सम्बन्धी विवरण | आर्थिक मामिला तथा योजना मन्त्रालयको वेभसाइट | हरेक महिना | आर्थिक मामिला तथा योजना मन्त्रालय | |

| क्रियाकलाप | प्रगति मापनका सूचकहरू | स्रोत | समय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ४.१२.विनियोजन ऐनले निर्धारण गरेका सीमा बाहिर गएर रकमान्तर र स्रोतान्तर गर्नुपर्ने अवस्थामा संसदबाट पूर्व स्वीकृतिका लागि प्रस्ताव पेश गरी त्यसलाई सार्वजनिकीकरण पनि गर्ने । | रकमान्तर र स्रोतान्तर सम्बन्धी सभामा प्रस्तुत प्रस्ताव | आर्थिक मामिला तथा योजना मन्त्रालयको वेभसाइट | नियमित | आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश सभा, अर्थ समिति |
| **चरण ५ : लेखाङ्कन र प्रतिवेदन** | | | | | |
| ५.१. प्रदेश स्तरको एकीकृत  मासिक, त्रैमासिक , अर्ध वार्षिक र वार्षिक प्रतिवेदन तयारी र सार्वजनिकीकरणको कार्यतालिका बनाई कार्यान्वयन गर्ने । | नियमित प्रगति प्रतिवेदन सार्वजनिकीकरण कार्यतालिका र अभ्यास | आर्थिक मामिला तथा योजना मन्त्रालय र सम्बन्धित कार्यालयको वेभसाइट | मासिक, त्रैमासिक, अर्ध वार्षिक, वार्षिक | अर्थ मन्त्रालय र सम्बन्धित मन्त्रालय तथा कार्यालयहरू | प्रदेश लेखा नियन्त्रक कार्यालय |
| ५.२. महालेखा नियन्त्रक कार्यालयले उपयोगमा ल्याएको लेखाङ्कन र प्रतिवेदन प्रणालीहरूमा प्रविष्टि भएका तथ्याङ्क मेसिन रिडेवल फर्म्याट (खुला तथ्याङ्क)मा मुख्य कार्यक्रम स्तरमा आर्थिक, प्रशासनिक तथा कार्यगत वर्गीकरण सहित सार्वजनिक गर्ने । | लेखाङ्कन र प्रतिवेदनका खुला तथ्याङ्को उपलब्धता | महालेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयको वेभसाइट वा पोर्टल | हरपल | मन्त्रालय तथा कार्यालयहरू (प्रविष्टि) र प्रदेश लेखा नियन्त्रक कार्यालय | महालेखा नियन्त्रक कार्यालय |
| **चरण ६ : वाह्य लेखापरीक्षण र निगरानी** | | | | | |
| ६.१. कार्यमुलक लेखापरीक्षणमा प्रतिनिधिमूलक नागरिक  सहभागितालाई प्रदेश स्तरमा मूल प्रवाहीकरण गर्ने । सूचनाको हक सम्बन्धी ऐनका स्वत: खुलासा सम्बन्धी प्रावधान कार्यान्वयनको अवस्था लेखाजोखालाई कार्यमुलक लेखापरीक्षणमा समेट्ने । | अद्यावधिक कार्यविधि र अभ्यास | महालेखापरीक्षक कार्यालय को वेभसाइट | प्रथम वर्ष र नियमित | महालेखापरीक्षकको कार्यालय | |
| ६.२. लेखापरीक्षणमा नागरिक सहभागिताका विभिन्न पक्षमा सञ्चार माध्यम र नागरिक संघ संस्थालाई प्रशिक्षण दिने | नागरिक संघ संस्थाले तालिम पाएका प्रदेशहरूको संख्या | महालेखापरीक्षक कार्यालयको वेभसाइट र मिडिया प्रतिवेदन | हरेक वर्ष | महालेखापरीक्षकको कार्यालय | |
| ६.३. प्रदेश स्तरको लेखापरीक्षण प्रतिवेदन सम्बन्धित क्षेत्रका सञ्चार माध्यम र नागरिक संस्थाको समेत सहभागितामा सार्वजनिक गर्ने । | पत्रकार सम्मेलनको अभ्यास गर्ने प्रदेश संख्या | पत्रकार सम्मेलनको अभिलेख, सञ्चार सामग्री | हरेक वर्ष | प्रदेश सरकार वा सभाको लेखा समिति | महालेखापरीक्षकको कार्यालय |
| ६.४. लेखापरीक्षण प्रतिवेदनले पहिचान गरेका विषयवस्तुको फलोअपमा नागरिक सहभागिताको संस्थागत प्रबन्ध गर्ने | लेखा समिति सञ्चालनको अध्यावधिक कार्यविधि | सभा सचिवालयको वेभसाइट | दोस्रो वर्ष | सार्वजनिक लेखा समिति | प्रदेशसभा सचिवालय |

| क्रियाकलाप | प्रगति मापनका सूचकहरू | स्रोत | समय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ६.५. महालेखापरीक्षकको प्रतिवेदनका सन्दर्भमा लेखा समितिमा हुने छलफललाई खुला गर्ने तथा सञ्चार जगत र इच्छुक नागरिक संघ संस्थाका प्रतिनिधिको सहभागिताका अवसर खुला गर्ने । | महालेखापरीक्षकको प्रतिवेदन माथिको खुला छलफल | सभा सचिवालयको वेभसाइटमा रखिएका सञ्चार प्रतिवेदन तथा अभिलेखहरू | हरेक वर्ष | सार्वजनिक लेखा समिति | प्रदेशसभा सचिवालय |
| ६.६. सम्बन्धित मन्त्रालयको प्रगति प्रतिवेदन समयबद्ध रुपमा प्राप्त गर्ने र त्यसमा हुने छलफलमा नागरिक सङ्घसंस्था तथा ठूला आयोजनाका लाभग्राही समेतसँग प्रतिनिधिमूलक रुपमा छलफल गर्ने । | प्रदेशसभा अन्तर्गतका समितिले नागरिक सहभागितामा गर्ने मन्त्रालयगत प्रगति समीक्षा अभ्यास | सभा सचिवालयको वेभसाइटमा प्रकाशित समितिको प्रतिवेदन | मासिक, त्रैमासिक, अर्ध वार्षिक, वार्षिक | अर्थ समिति लगायत सवै प्रदेश सभाका समितिहरू | प्रदेशसभा सचिवालय |
| ६.७. सार्वजनिक वित्त व्यवस्थापनका विभिन्न पक्ष, संसदीय र नागरिक निगरानी र समितिका कार्यमा नागरिक सहभागिताका विषयमा अर्थ र लेखा समिति लगायत सवै संसदीय विषयगत समितिलाई प्रशिक्षण उपलब्ध गराउने । | संसदीय विषयगत समितिहरूले सार्वजनिक वित्त व्यवस्थापनका सवालमा तालिम प्राप्त गरेका प्रदेश संख्या | तालिम प्रतिवेदन तथा अभिलेख | हरेक दुई वर्षमा एक पटक | प्रदेशसभा सचिवालयहरू | प्रदेश सुशासन केन्द्र |
| ६.८. विकास आयोजनाहरूको संसदीय अनुगमनका क्रममा नागरिक परामर्श अनिवार्य रुपमा गर्ने । | संसदीय अनुगमन कार्यविधि | प्रदेश सभा सचिवालयको वेभसाइट | दोस्रो वर्ष | प्रदेशसभा सचिवालयहरू | |
| ६.९. सभा, समितिहरू तथा सदस्यहरूलाई बजेट सूचना तथा विश्लेषण उपलब्ध गराई सहयोग गर्न सभा अन्तर्गत बजेट कार्यालय स्थापना | गठित बजेट कार्यालय | संस्थागत संरचना र जनशक्ति | तेस्रो वर्ष | प्रदेशसभा सचिवालयहरू | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| **स्थानीय तह** | | | | | |
| **उद्देश्य ३ :** स्थानीय सार्वजनिक वित्त व्यवस्थापन प्रक्रियामा नागरिक सहभागिता र समावेशिताको सिद्धान्तको व्यावहारिक कार्यान्वयन गर्ने ।<br>**उपलब्धी मापनको सूचक :** ग्रामीण र शहरी दुवै परिवेश सुहाँउदो नियम तथा निर्देशिकाको प्रवन्ध तथा तिनको कार्यान्वयनमा जुटेका स्थानीय सरकारहरूको संख्या<br>**प्रमूख रणनीतिहरू :** बजेट प्रक्रियालाई निर्देशित र व्यवस्थित गर्ने सहभागिता र समावेशिताका सिद्धान्त सहितको कार्यढाँचा निर्माण र कार्यान्वयन गर्ने तथा आपूर्ति पक्ष (स्थानीय सरकार) र माग पक्ष (समुदायको) क्षमता विकासलाई प्राथमिकताका साथ अघि बढाउने । | | | | | |
| चरण १ : आवधिक/रणनीतिक योजना निर्माण र वित्तीय प्रक्षेपण | | | | | |
| १.१. सहभागितामूलक आवधिक योजना तर्जुमा कार्यविधि तयार गर्ने । | आवधिक योजना तर्जमा कार्यविधिको उपलब्धता । | गाउँपालिका र नगरपालिकाको वेभसाइट | प्रथम वर्ष | गाउँ/नगर कार्यपालिका | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय र प्रदेश योजना आयोग |

| क्रियाकलाप | प्रगति मापनका सूचकहरू | स्रोत | समय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १.२.क. आवधिक योजना निर्माणका क्रममा समुदाय, वडा र नगर तहका नागरिकसँग प्रत्यक्ष छलफल गर्ने, प्रारम्भिक मस्यौदा तयार भएपछि नागरिक सुझावका लागि सार्वजनिक गर्ने,<br>१.२.ख. आवधिक योजनाको अन्तिम मस्यौदा सार्वजनिक गर्ने । | आवधिक योजना तर्जुमा र सार्वजनिक गर्ने गर्ने स्थानीय तहको संख्या, मस्यौदा सार्वजनिकीकण र नागरिक सुझावको विवरण | गाउँपालिका र नगरपालिकाको वेभसाइट, प्रकाशित पुस्तिका | हरेक पाँच वर्ष | गाउँ/नगर कार्यपालिका | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय र प्रदेश योजना आयोग |
| १.३. क. स्थानीय बजेट तर्जुमा दिग्दर्शनमा व्यवस्था गरी सवै स्थानीय तहले अर्ध वार्षिक समीक्षा लगत्तै आगामी ३ बर्षको आय र व्यय प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरी नागरिक पृष्ठपोषणका लागि सार्वजनिक गर्ने ।<br>१.३. ख. मस्यौदामाथि नागरिक पृष्ठपोषण संकलन गर्ने र नागरिक संस्थाका प्रतिनिधि समेतसँग छलफल गरी अन्तिम रुप दिने र सार्वजनिक गर्ने । | मध्यमकालीन खर्च संरचना तयार गरी सार्वजनिक गर्ने तथा नागरिक सुझाव र परामर्शको अवसर उपलब्ध गराउने स्थानीय तह संख्या । | गाउँ/ नगरपालिकाको वेभसाइट, नागरिक सुझाव र पृष्ठपोषणको सूचना तथा अभिलेख | हरेक वर्ष | गाउँ/नगर कार्यपालिका | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय र प्रदेश योजना आयोग र अर्थ मन्त्रालय |
| १.४. सहभागितामूलक विधिबाट परियोजना बैङ्क तयार गरी संघीय सूचना प्रणालीमा प्रविष्टी गर्नुका साथै सार्वजनिक गर्ने । | सहभागितामूलक विधिबाट परियोजना बैंक तयार पार्ने स्थानीय तह संख्या | गाउँ/नगरपालिकाको वेभसाइट | हरेक वर्ष | गाउँ नगर कार्यपालिका | राष्ट्रिय/प्रदेश योजना आयोग |
| १.५. आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा आयोजना बैंक निर्माणको संयोजन गर्ने बजेट तथा योजना शाखा वा एकाइ गठन गर्ने । | शाखा वा एकाइ गठन गरेका स्थानीय सरकार संख्या | सङ्गठन संरचना तथा जनशक्ति | दोस्रो वर्षदेखि निरन्तर | गाउँ/नगर कार्यपालिका | संघीय मालिम तथा सामान्य प्रशासन मन्त्रालय |

| क्रियाकलाप | प्रगति मापनका सूचकहरू | स्रोत | समय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १.६. स्थानीय सरकारको जिम्मेवार कर्मचारी तथा पदाधिकारीलाई त्रिवर्षीय आय तथा व्यय अनुमान सहितको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धमा तालिम उपलब्ध गराउने । | तालिम प्राप्त स्थानीय तह, पदाधिकारी तथा कर्मचारी संख्या | तालिम प्रतिवेदन तथा अभिलेखहरू | प्रथम वर्ष र हरेक दुई वर्ष | स्थानीय सरकारहरू, संघीय सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र, प्रदेश सुशासन केन्द | संघीय मालिम तथा सामान्य प्रशासन मन्त्रालय |
| **चरण २ : बजेट तर्जुमा** | | | | | |
| २.१. बजेट तर्जुमाका सातवटै चरणमा अवलम्बन गरिने सहभागिता र सहजीकरणको विधि परिभाषित गरी स्थानीय बजेट तर्जुमा दिग्दर्शनको अभिन्न अङ्गका रुपमा समावेश गर्ने  तथा सहभागीको लैङ्गिक लगायत खण्डीकृत विवरण र सुझाव तथा पृष्ठपोषणको अभिलेख राख्ने अनिवार्य प्रबन्ध गर्ने । | सात चरणको व्याख्या सहितको बजेट तर्जुमा दिग्दर्शन र बजेट तर्जुमा गोष्ठीमा सहभागीको खण्डीकृत तथ्याङ्क उपलब्धता | स्थानीय तहको वेभसाइट | प्रथम वर्ष र नियमित | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, कार्यक्रम तथा बजेट तर्जुमा समिति | गाउँ/नगर कार्यपालिका |
| २.२. बस्ती वा टोल स्तरको योजना तर्जुमा गोष्ठीबाट प्राप्त सुझावका आधारमा वडा स्तरका विकास कार्यक्रमको प्राथमिकीकरणका सन्दर्भमा शैक्षिक संस्था, स्वास्थ्य संस्था, उपभोक्ता समिति, सहकारी, आमा समूह, महिला समूह आदिका प्रतिनिधिसंग वडा समितिले परामर्श गर्ने संस्थागत विधि बनाउने । | वडा स्तरीय परामर्श बैठक स्थानीय तह संख्या | कार्यक्रमको प्रतिवदन | दोस्रो वर्ष र हरेक वर्ष | वडा समितिहरू | गाउँ/नगर कार्यपालिका |
| २.३. क्षेत्र र उपक्षेत्रगत बजेट सीमा निर्धारण गरी आगामी आर्थिक बर्षको बजेटको सीमा र मार्गदर्शन टोल भेला अघि निर्माण गरी सार्वजनिक गर्ने । | कुल र क्षेत्रगत बजेट सीमाको उपलब्धता | स्थानीय तहको वेभसाइट | हरेक वर्ष | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | गाउँ/नगर कार्यपालिका |

| क्रियाकलाप | प्रगति मापनका सूचकहरू | स्रोत | समय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २.४. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, राजस्व परामर्श समिति र कार्यक्रम तथा बजेट तर्जुमा समितिले आफ्नो कार्य सम्पन्न गर्नु पूर्व कम्तीमा एकपटक नगर वा गाउँपालिका स्तरमा नागरिक समाजसँग छलफल गरी राय सुझाव लिने । | सहभागितामूलक बैठक गर्ने स्थानीय तह संख्या | बैठकका प्रतिवेदन, अभिलेख | हरेक वर्ष | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र राजस्व परामर्श समिति | गाउँ/नगर कार्यपालिका |
| २.५. आधारभूत वित्तीय सूचना (चालु आर्थिक बर्षको आर्थिक सामाजिक अवस्था, आगामी आर्थिक बजेटको कुल र क्षेत्र र उपक्षेत्र तथा वडागत सीमा तथा आयको संरचना र सान्दर्भिक स्थानीय तथ्याङ्क) सहितको पूर्व बजेट विवरण तयार गर्ने तथा नागरिक सङ्घ संस्थाका प्रतिनिधि र आम नागरिकसँग गरिने खुला रुपमा पूर्व बजेट छलफल गर्ने। | बजेट विवरणको उपलब्धता<br><br>पूर्व बजेट परामर्श गर्ने स्थानीय तह संख्या | स्थानीय तहको वेभसाइट सूचना तथा परामर्श बैठकका अभिलेख | प्रथम वर्ष र हरेक वर्ष | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र राजस्व परामर्श समिति | गाउँ/नगर कार्यपालिका |
| २.६. नीति तथा कार्यक्रम र बजेट प्रस्तुतिको समयको बिचको समय कम्तीमा ७ दिन बनाउने अर्थात् बजेट पेश गर्नुभन्दा कम्तीमा ७ दिन अगावै (असार ३ गते भित्र) नीति तथा कार्यक्रम सभामा पेश गर्ने र त्यसमाथि टिप्पणी सुझाव उपलब्ध गराउने अवसर नागरिकलाई उपलब्ध हुने प्रबन्ध गर्ने । | परिमार्जित कार्यतालिका सहितको अध्यावधिक बजेट तर्जुमा दिग्दर्शनको उलब्धता | स्थानीय तहको वेभसाइट, नीति तथा कार्यक्रमबारे टिप्पणी तथा सुझावको अभिलेख | प्रथम वर्ष | गाउँ/नगर कार्यपालिका | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| २.७. राजस्व परामर्श समितिले हरेक वर्ष आफ्नो प्रतिवेदन तयार गर्नु अघि विभिन्न नागरिक संस्थाका प्रतिनिधिसँग राजस्वका दायरा, दर, क्षेत्र आदिबारे छलफल गर्ने तथा आम नागरिकलाई राय सुझाव संकलन गर्ने । | राजस्व नीतिका सन्दर्भमा नागरिक सुझाव र पृष्ठपोषण सङ्कलन गर्ने स्थानीय तहको हिस्सा | सूचनाहरू, सहभागिता मूलक बैठक तथा सुझावको अभिलेख तथा प्रतिवेदन | हरेक वर्ष | राजस्व परामर्श समिति | गाउँ/नगर कार्यपालिका |
| २.८. सङ्घीय सरकारबाट उपलब्ध गराइएको नमुना दिग्दर्शनमा आधारित रहेर स्थानीय बजेट तर्जुमा दिग्दर्शनमार्फत् महिला, दलित, अपाङ्गता भएका व्यक्ति, बालबालिका आदि समूहको लक्षित कार्यक्रम निर्माण र प्राथमिकीकरणको विधि निर्धारण गरी कार्यान्वयन गर्ने । | परिमार्जित बजेट तर्जुमा दिग्दर्शनको उपलब्धता भएका स्थानीय तहको हिस्सा | स्थानीय तहको वेभसाइट | प्रथम वर्ष र नियमित | गाउँ/नगर कार्यपालिका | |

| क्रियाकलाप | प्रगति मापनका सूचकहरू | स्रोत | समय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २.९. सङ्घीय सरकारबाट उपलब्ध गराइएको नमुना दिग्दर्शनमा आधारित रहेर स्थानीय लैंगिक बजेट तर्जुमा दिग्दर्शन निर्माण गर्ने । | स्थानीय लैगिक बजेट तर्जुमा दिग्दर्शनको उपलब्धता | स्थानीय तहको वेभसाइट | प्रथम वर्ष | गाउँ/नगर कार्यपालिका | |
| २.१०. प्रशासनिक, कार्यगत र लैङ्गिक बजेट वर्गीकरण सहितको बजेट पुस्तिका सार्वजनिक गर्ने । | वर्गीकृत बजेट सूचना सहितको बजेट पुस्तिकाको उपलब्धता | स्थानीय तहको वेभसाइट | हरेक वर्ष | कार्यक्रम तथा बजेट तर्जुमा समिति | |
| २.११. प्रस्तावित कार्यक्रम र बजेट स्थानीय बजेट सूचना प्रणाली (सूत्र)मा प्रविष्टि र बजेटको अनुसूची तयारीलाई एकसाथ अघि बढाउने र बजेट वक्तव्यसँगै बजेटका अनुसूची स्थानीय सभामा प्रस्तुत गर्ने र सार्वजनिक गर्ने । | बजेटका अनुसूची सहितको बजेट प्रस्ताव सार्वजनिक गर्ने स्थानीय तहको संख्या | स्थानीय तहको वेभसाइट | हरेक वर्ष बजेट प्रस्ताव प्रस्तुत हुने दिन | कार्यक्रम तथा बजेट तर्जुमा समिति | लेखा तथा बजेट शाखा र स्थानीय कार्यपालिका |
| २.१२. स्थानीय तहको नागरिक बजेट (बजेटको सरल प्रस्तुति) प्रकाशन गर्ने र आम नागरिकले बजेट माथिको सुसूचित धारणा बनाउन सक्ने अवसर उपलब्ध गराउने । | नागरिक बजेट तयार गर्ने स्थानीय तह संख्या | स्थानीय तहको वेभसाइट | हरेक वर्ष बजेट प्रस्ताव प्रस्तुत हुने दिन | कार्यक्रम तथा बजेट तर्जुमा समिति | स्थानीय कार्यपालिका |
| **चरण ३ : बजेट अनुमोदन** | | | | | |
| .३.१. स्थानीय सभाले बजेटमा छलफल सुरु गर्नुभन्दा केही दिन अघिसम्म बजेटबारे सभालाई नागरिकले सुझाव दिने अवसर उपलब्ध गराउन, नागरिक संघ संस्था तथा सञ्चार माध्यमसँग परामर्श गर्ने र त्यस्ता सुझावका बारेमा सभामा छलफलको प्रवन्ध मिलाउने। | नगरसभाले बजेटका विभिन्न पक्षमा नागरिक सुझाव लिने प्रबन्ध गरेका स्थानीय तहको हिस्सा | प्रतिवेदन, अभिलेख, खुला सुनुवाइ | हरेक वर्ष बजेट प्रस्तुत भएपछि पारित नहुँदासम्म | स्थानीय सभा | स्थानीय कार्यपालिका |

| क्रियाकलाप | प्रगति मापनका सूचकहरू | स्रोत | समय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ३.२. सभामा बजेट पेश भएपछि बजेट वक्तव्य र अनुसूची सदस्यलाई अध्ययन गर्न र नागरिकबाट सभाले सुझाव प्राप्त गर्न ७ दिनको समय दिने र त्यसपछि बजेटमा दफावार छलफल गरी पारित गर्ने प्रक्रिया अघि बढाउने प्रबन्ध गर्ने । | परिमार्जित स्थानीय सभा सञ्चालन कार्यविधि र अभ्यास | सभाको अभिलेख तथा खुला सुनुवाइ | हरेक वर्ष बजेट प्रस्तुत भएपछि | स्थानीय सभा | स्थानीय कार्यपालिका |
| ३.३. विपद् प्रतिकार्य कोष तथा मर्मत सम्भार कोषबाहेक सबै रकम कार्यक्रम र शीर्षकगत रुपमा राख्नुका साथै विषय क्षेत्र, प्रशासनिक एकाइका आधारमा सजिलै छुट्याउन सकिने बजेट सूचना प्रस्तुत गरी बजेट पुस्तिका तयार गर्ने । | विस्तृत बजेट सूचना सहितको स्वीकृत योजना तथा बजेट पुस्तिका | स्थानीय तहको वेभसाइट | हरेक वर्ष | नगर कार्यपालिका | |
| **चरण ४ : बजेट कार्यान्वयन** | | | | | |
| ४.१. मासिक, त्रैमासिक , अर्ध वार्षिक र वार्षिक समीक्षा तथा प्रतिवेदन निर्माण र प्रकाशनको कार्यतालिका स्थानीय आर्थिक कार्यविधि नियमावलीमा निर्धारण गरी कार्यान्वयन गर्ने । मध्यमकालीन समीक्षा प्रतिवेदन माथि नागरिक संवाद वा सुनुवाइको प्रबन्ध पनि गर्ने । | बजेट क्यालेन्डर सहितको आर्थिक कार्य विधि नियमावलीको उपलब्धता, वित्तीय प्रगति प्रतिवेदनको समयबद्ध सार्वजनिकीकरण | स्थानीय तहको वेभसाइट र वेभ प्रकाशन | प्रथम वर्ष र हरेक बर्ष (मासिक, त्रैमासिक, अर्ध वार्षिक र वार्षिक) | स्थानीय कार्यपालिका | |
| ४.२. उपभोक्ता समिति गठन र समिति सञ्चालन, पारदर्शिता र सुशासनका निश्चित मापदण्ड सहितको स्थानीय कानून बनाई कार्यान्वयन गर्ने । | उपभोक्ता समिति सञ्चालन कार्यविधिको उपलब्धता | स्थानीय तहको वेभसाइट तथा पुस्तिका | प्रथम वर्ष | स्थानीय सभाहरू | स्थानीय कार्यपालिका |
| ४.३. संघीय सार्वजनिक खरिद ऐन बमोजिम स्थानीय खरिद नियमावली निर्माण गरी निश्चित रकम भन्दा माथिको आयोजनामा निर्माण व्यवसायी छनोटको प्रक्रियामा नागरिक पर्यवेक्षण (प्रत्यक्ष वा भर्चुअल) को प्रबन्ध गर्ने । सार्वजनिक खरिदका सबै विवरण खरिदको निर्णय हुने बित्तिकै स्थानीय सरकारको वेभसाइटबाट सार्वजनिक गर्ने व्यवस्था गर्ने । | नियमावलीको उपलब्धता भएका र सार्वजनिक खरिदको निर्णय पर्यवेक्षणमा नागरिक सहभागिता गराउने तथा सार्वजनिक खरिदको निर्णय सार्वजनिक गर्ने स्थानीय तहको संख्या | स्थानीय तहको वेभसाइट तथा वेभ प्रकाशन | दोस्रो वर्ष र नियमित | स्थानीय कार्यपालिका | |

| क्रियाकलाप | प्रगति मापनका सूचकहरू | स्रोत | समय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ४.४. क. स्थानीय तहले नगर र वडा स्तरमा वार्षिक न्यूनतम ३ पटक सार्वजनिक सुनुवाइ गर्ने र बजेट कार्यान्वयनको मध्यावधि समीक्षामा आधारित रहेर गाउँपालिका वा नगरपालिका स्तरमा कम्तीमा एउटा सार्वजनिक सुनुवाइ अनिवार्य गर्ने ।<br>ख. मध्यावधि समीक्षामा आधारित सार्वजनिक सुनाईमा राजस्व तथा खर्च विवरणमा क्रममा राजस्व र खर्चको बेग्लाबेग्लै छलफल गर्ने । | बजेट कार्यान्वयनका सन्दर्भमा सार्वजनिक सुनुवाइ गर्ने स्थानीय तह सङ्ख्या | सुनुवाइका अभिलेख तथा प्रतिवेदनहरू | नियमित (कार्तिक, पौष र बैशाख) | नगर कार्यपालिका र वडा समिति | |
| ४.५. प्राकृतिक स्रोत उत्खनन, व्यवसायिक भवनको भाडामा दिने प्रक्रिया तथा राजस्व सम्बन्धी अन्य ठेक्का प्रक्रियामा प्रतिनिधिमुलक नागरिक सहभागिता वा पर्यवेक्षण अनिवार्य गर्ने । | राजश्वसँग संवन्धित ठेक्का प्रक्रियामा नागरिक पर्यवेक्षणको अभ्यास गर्ने स्थानीय तह संख्या | निर्णय तथा सहभागिताका अभिलेख | नियमित | स्थानीय कार्यपालिका | |
| ४.६. आन्तरिक ऋण, सार्वजनिक निजी साझेदारी जस्ता विधिबाट निर्माण गरिने परियोजनाको विस्तृत परियोजना प्रतिवेदन तयारी तथा ऋण वा साझेदारीको निर्णय सार्वजनिक छलफलको प्रक्रिया पूरा गरेर मात्र अघि बढाउने । | विस्तृत परियोजना प्रतिवेदन तयारी सम्बन्धी सान्दर्भिक कार्यविधि तयारी र कार्यान्वयन गर्ने स्थानीय तह संख्या | स्थानीय तहको वेभसाइट र सार्वजनिक विस्तृत परियोजना प्रतिवेदन | नियमित | स्थानीय कार्यपालिका | |
| ४.७.नगरपालिका वा गाउँपालिका स्तरको पूर्वाधार विकास आयोजनाको अनुगमन टोलीमा सम्बन्धित परियोजना क्षेत्रका नागरिक सङ्घ संस्था वा प्रतिनिधि समेतको सहभागितामा अनुगमन गर्ने, निश्चित रकम भन्दा माथिका आयोजनाको तेस्रो पक्ष अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने । | पूर्वाधार आयोजनाको सहभागितामूलक अनुगमनको अभ्यास भएका स्थानीय तह सङ्ख्या | सार्वजनिक अनुगमन प्रतिवेदन तथा अभिलेख | नियमित | गाउँ/नगर स्तरीय अनुगमन समिति, सुशासन समिति, सुस्थानीय नागरिक संस्था | स्थानीय कार्यपालिका |

| क्रियाकलाप | प्रगति मापनका सूचकहरू | स्रोत | समय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ४.८. आर्थिक विकास, सामाजिक विकास, विपद् व्यवस्थापन जस्ता क्षेत्रका नगरपालिका वा गाउँपालिका स्तरका प्रमूख कार्यक्रमको लाभग्राही तथा नागरिक सन्तुष्टि सर्वेक्षण गर्ने । | नागरिक सन्तुष्टि सर्वेक्षणको अभ्यास भएका स्थानीय तह संख्या | प्रतिवेदन तथा अभिलेखहरू | हरेक वर्ष कार्यक्रम सम्पन्न भएपछि | स्थानीय योजना तथा बजेट शाखा | स्थानीय कार्यपालिका |
| ४.९. स्थानीय सरकार र नागरिक संघ संस्था दुवैले बजेट कार्यान्वयनका सन्दर्भमा नागरिकको सन्तुष्टि तथा गुणस्तर मापनका लागि सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक लेखापरीक्षण, समुदाय अङ्क पत्र, नागरिक प्रतिवेदनपत्र जस्ता औजार कार्यान्वयन गर्ने । | सामाजिक जवाफदेहिताका औजार कार्यान्वयन गरेका स्थानीय तह संख्या | सम्बन्धित प्रतिवेदन तथा अभिलेखहरू | नियमित | स्थानीय सरकारहरू र नागरिक संघ संस्थाहरू | |
| ४.१०. कार्यक्रम तथा परियोजनाका सन्दर्भमा नागरिकको गुनासो सङ्कलन तथा सम्बोधन गर्न तथा सहभागितामूलक अनुगमनका लागि कार्यविधि बनाउने । | कार्यविधि भएका स्थानीय तह संख्या | स्थानीय तहको वेभसाइट | प्रथम वर्ष र बर्षभरि | स्थानीय कार्यपालिका | |
| ४.११. महामारी र विपदको् वा समयमा गरिने बजेटको रकमान्तर र स्रोतान्तरको सूचना सार्वजनिक गर्ने तथा नागरिक संवाद गर्ने । | रकमान्तर सम्बन्धी सूचनाको उपलब्धता , नागरिक संवादको अभ्यास | स्थानीय तहको वेभसाइट, संवाद तथा पृष्ठपोषणको अभिलेख | हरेक महिना | स्थानीय कार्यपालिकाको सचिवालय | |
| ४.१२. स्थानीय विनियोजन ऐनको सीमाभित्रबाट रकमान्तर र स्रोतान्तरका सूचना नियमित सार्वजनिक गर्ने । | सान्दर्भिक वित्तीय सूचना नियमित सार्वजनिक गर्ने स्थानीय तह संख्या | स्थानीय तहको वेभसाइट | हरेक महिना | स्थानीय कार्यपालिका सचिवालय | |
| **चरण ५ : लेखाङ्कन र प्रतिवेदन** | | | | | |
| ५.१. सूत्र सफ्ट्वेरमा प्रविष्टि हुने तथ्याङ्कका आधारमा विस्तृत तहको बजेट सूचना सम्बन्धित स्थानीय तहको वेभसाइट वा पोर्टलमा राख्ने । | बजेट तथ्याङ्कको उपलब्धता | स्थानीय वेभसाइट वा पोर्टल | नियमित | लेखा तथा बजेट शाखा | स्थानीय कार्यपालिका |
| ५.२. त्रैमासिक, अर्ध वार्षिक र वार्षिक प्रतिवेदन तयारी, सो प्रतिवेदन प्रदेश र संघमा पठाउने र सार्वजनिकीकरण गर्ने समय निर्धारण गरी कार्यान्वयन । | वित्तीय प्रगति प्रतिवेदनहरू सार्वजनिकीकरण अभ्यास | स्थानीय तहको वेभसाइट | त्रैमासिक , अर्ध वाषिर्क र वार्षिक | लेखा तथा बजेट शाखा | स्थानीय कार्यपालिका |

| क्रियाकलाप | प्रगति मापनका सूचकहरू | स्रोत | समय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ५.३. स्थानीय तहबाट प्रविष्टि हुने तथ्याङ्कका आधारमा स्थानीय तह छुट्टिने गरी आर्थिक प्रशासनिक, कार्यगत वर्गीकरण सहितको तथ्याङ्क राष्ट्रिय स्तरबाट उपलब्ध हुने व्यवस्था मिलाउने | वर्गीकृत स्थानीय तहगत बजेट तथ्याङ्कको उपलब्धता | महालेखा नियन्त्रक कार्यालयको वेभ पोर्टल | दोस्रो वर्ष देखि हरेक वर्ष | लेखा तथा बजेट शाखा | |
| **चरण ६ : वाह्य लेखापरीक्षण र निगरानी** | | | | | |
| ६.१. स्थानीय कार्यपालिकामा प्रतिनिधित्व नगर्ने सदस्यहरूमध्येबाट (गाउँपालिकाका अध्यक्ष र नगर प्रमुखभन्दा फरक दलबाट प्रतिनिधित्व गर्ने) संयोजक रहनेगरी लेखा समिति निर्माण गर्ने । | सभा सञ्चालन नियमावलीमा व्यवस्था गरी लेखा समिति गठन गरेका स्थानीय तह संख्या | स्थानीय तहको वेभसाइटमा राखिएको समिति संरचना | पहिलो वर्ष वा सभाको पहिलो सत्र | स्थानीय सभा | |
| ६.२. महालेखापरीक्षकको सम्वन्धित तहको प्रतिवेदन सार्वजनिक गर्ने, नागरिक र सञ्चार माध्यमसंग छलफल गर्ने र नागरिक सुझाव समेतका आधारमा र सार्वजनिक लेखाको निगरानीको कार्य सभाको समितिले गर्ने । | लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गर्ने र समिति र सभामा छलफल गर्ने स्थानीय तहको अनुपात | स्थानीय तहको वेभसाइट, छलफलका अभिलेख | हरेक वर्ष | लेखा समितिहरू | स्थानीय सभा |
| ६.३. लेखा समितिले बेरुजु लगायत महालेखापरीक्षकको प्रतिवेदनका ठम्याई तथा सुझावमाथि गर्ने छलफलमा प्रतिनिधिमूलक नागरिक सहभागिता गराउने | सहभागितामूलक बैठक तथा अभ्यास | सान्दर्भिक अभिलेख तथा प्रतिवेदनहरू | नियमित | लेखा समितिहरू | स्थानीय सभा |
| ६.४. उपभोक्ता समिति र अन्य प्रक्रियाबाट कार्यान्वयन हुने कार्यक्रम तथा परियोजनाको सार्वजनिक लेखा परीक्षण गर्ने र निश्चित रकम भन्दा माथिका आयोजनाको सार्वजनिक लेखा परीक्षण तेस्रो पक्षबाट गर्ने प्रवन्ध गरी कार्यान्वयन गर्ने । | सार्वजनिक लेखा परीक्षणको अभ्यास गर्ने स्थानीय तह सङ्ख्या तथा तेस्रो पक्षबाट सार्वजनिक लेखापरीक्षण अभ्यास | स्थानीय तहको वेभसाइट, सार्वजनिक लेखा परीक्षण प्रतिवेदनहरू | पहिलो वर्ष र अन्तिम किस्ता भुक्तानी पूर्व | सुशासन समिति, लेखा समिति, नागरिक सङ्घ संस्था | स्थानीय सभा |

| क्रियाकलाप | प्रगति मापनका सूचकहरू | स्रोत | समय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ६.५. कार्यमुलक लेखापरीक्षणमा समावेश स्थानीय तहमा सो क्रममा नागरिक संस्थाको सहभागितालाई मूल प्रवाहीकरण गर्ने । यसका लागि सूचनाको हक सम्बन्धी ऐन अनुसारको स्वत: खुलासा सम्बन्धी प्रावधान कार्यान्वयनलाई पनि आधार बनाउने । | कार्यमुलक लेखापरीक्षणको अभ्यास तथा कार्यविधि | सान्दर्भिक कार्यविधि तथा अभ्यासको अभिलेख | हरेब बर्ष | महालेखापरीक्षकको कार्यालय | |
| ६.६. स्थानीय तहको वित्तीय तथा नियमितता लेखापरीक्षणको क्रममा सान्दर्भिक विषयमा अनुसन्धानका क्रममा नागरिकले आफ्नो धारणा राख्न पाउने औपचारिक विधि निर्धारण गर्ने । | लेखापरीक्षण कार्यविधिको प्रावधान | महालेखापरीक्षक कार्यालयको वेभसाइट | हरेक वर्ष | महालेखापरीक्षकको कार्यालय | |
| **अन्तरसंवन्धित क्षेत्र** | | | | | |
| **उद्देश्य ४ :** सवै तह र चरणमा सरकार-नागरिक साझेदारीका आधारमा वित्तीय पारदर्शिता र सुशासन अभिवृद्धि गर्ने ।<br>**उपलब्धी मापनको सूचक :** सरकार र नागरिकको सुदृढ क्षमता र सहकार्यका अभ्यास<br>**प्रमुख रणनीतिहरू :** सवै तहमा सार्वजनिक वित्त व्यवस्थापनमा संलग्न निकायको क्षमता विकास र वित्तीय पारदर्शिता र जवाफदेहिताको माग पक्ष सबलीकरण गर्ने । | | | | | |
| **क्रियाकलाप** | | | | | |
| १. क. सार्वजनिक वित्त व्यवस्थापन प्रक्रियामा नागरिक सहभागिताको रणनीति तथा कार्ययोजना (कार्यान्वयनमा संलग्न पक्ष तथा नागरिक, सचेतना, सञ्चार र क्षमता विकास लगायतका पक्ष सहितको) स्वीकृत गर्ने । | नागरिक सहभागिता सम्बन्धी स्वीकृत रणनीति तथा कार्ययोजनाको उपलब्धता | महालेखा नियन्त्रक कार्यालय/पेफा सचिवालयको वेभसाइट | प्रथम वर्षको पहिलो त्रैमासिक | विभिन्न सरोकारवाला निकायसँगकोपरामर्शको आधारमा पेफा सचिवालय | अर्थ मन्त्रालय |
| १. ख. सार्वजनिक वित्त व्यवस्थापनका स्वीकृत रणनीति तथा कार्ययोजनाको सबै तहमा कार्यान्वयनका लागि प्रचारात्मक कार्यक्रम तथा अनुशिक्षण सञ्चालन गर्ने । | सम्वन्धित कार्यक्रम तथा अनुशिक्षणमा सहभागी तह, निकाय, सङ्घसंस्था र नागरिक सङ्ख्या | सम्वन्धित कार्यक्रमका प्रतिवेदन तथा अभिलेख | प्रथम बर्ष र आवश्यकता अनुसार | पेफा सचिवालय | अर्थ मन्त्रालय, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, स्थानीय सरकार, विभिन्न राष्ट्रिय र अन्तराष्ट्रिय साझेदार संस्थाहरू, गैर सरकारी संस्थाहरू |
| १. ग. सार्वजनिक वित्त व्यवस्थापनमा नागरिक सहभागिता रणनीति तथा कार्ययोजना कार्यान्वयनको तहगत लेखाजोखा गर्ने । | निर्धारित सूचकका आधारमा लेखाजोखा गरिएका तहगत सरकार सङ्ख्या | लेखाजोखा प्रतिवेदन | हरेक तीन बर्ष | | अर्थ मन्त्रालय, साझेदार अन्तराष्ट्रिय सङ्घ संस्था |

| क्रियाकलाप | प्रगति मापनका सूचकहरू | स्रोत | समय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २. संघ, प्रदेश र स्थानीय तहको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा सुशासन ऐनको प्रावधान अनुसार सार्वजनिक सुनुवाई र गुनासो सम्बोधन जस्ता प्रावधान समेट्ने । | परिमार्जित आर्थिक कार्यविधि ऐन तथा बजेट तर्जुमा दिग्दर्शन | अर्थ मन्त्रालय र कानून आयोगको वेभसाइट | प्रथम वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संघीय संसद, अर्थ मन्त्रालय |
| ३. क. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले नेपालको संविधान को अनुसुची ९(६ र १४) लगायत शुल्क तथा रोयल्टी बाँडफाँड, कानून बमोजिम राजस्व बाँडफाँड, संघबाट प्रदेश र स्थानीय तह तथा प्रदेशबाट स्थानीय तहमा गरिने वित्तीय हस्तान्तरणका लागि मापदण्ड निर्धारण तथा सिफारिस प्रक्रियालाई सहभागितामुलक बनाउने ।<br><br>ख. आयोगले गर्ने सहभागिताका अभ्यासमा विज्ञ, नागरिक संघ संस्था तथा आम नागरिकको समावेशी सहभागिता सहित सुझाव र पृष्ठपोषण लिने विधि, माध्यम र समय तालिका निर्धारण र कार्यान्वयन गर्ने।<br><br>ग. कानून बमोजिम प्रदेश र स्थानीय तहले पाउने थप अनुदानका लागि कार्यसम्पादन मुल्यांकनको विधि कार्यान्वयनको समिक्षा र परिमार्जनका सन्दर्भमा सरोकारवाला नागरिक संघ संस्था तथा आम नागरिकबाट सुझाव र पृष्ठपोषण लिने । | निर्धारित विधि, माध्यम र सहभागिताको अभ्यास | सहभागिताको खण्डीकृत विवरण तथा अभिलेख | दोस्रो वर्षदेखि हरेक वर्ष | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग |
| ४. बजेट तर्जुमा दिग्दर्शन, २०७५ परिमार्जन गरी बजेट र राजस्व प्रक्षेपण, मन्त्रालयगत प्राथमिकीकरण, पूर्व बजेट छलफल जस्ता बजेट तर्जुमाका चरणमा नागरिक परामर्श र संलग्नताको विधि समावेश गर्ने र नागरिक सहभागितामा गरिने कार्य समावेश गरी बजेट कार्यतालिका परिमार्जन गर्ने । | परिमार्जित बजेट तर्जुमा दिग्दर्शन र बजेट तर्जुमा तालिका | अर्थ मन्त्रालयको वेभसाइट | दोस्रो वर्ष | अर्थ मन्त्रालय | राष्ट्रिय योजना आयोग |

| क्रियाकलाप | प्रगति मापनका सूचकहरू | स्रोत | समय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ५. सार्वजनिक वित्त व्यवस्थापन नीति तथा सोको कार्यान्वयनको स्वतन्त्र विश्लेषण गर्न, नागरिकलाई समयबद्ध वित्तीय सूचना उपलब्ध गराउन र नागरिक सहभागिताको अवस्था मुल्यांकन गर्न सङ्घीय स्तरमा स्वतन्त्र वित्तीय निकाय गठनको आवस्यकता अध्ययन गर्ने । | स्वतन्त्र वित्तीय निकाय गठन सम्बन्धी अध्ययन | अध्ययन प्रतिवेदन | दोस्रो वर्ष | पेफा सचिवालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ६. बजेट सूचनाको खुलासा, बजेट प्रक्रियामा नागरिक सहभागिताको सबाल समेटेर सबै प्रदेश र स्थानीय सरकारले सुशासन नीति तथा कानून निर्माण वा संशोधन गर्ने । | नयाँ वा संशोधित सुशासन कानून | प्रदेशको सामाजिक विकास मन्त्रालयको वेभसाइट | दोस्रो वर्ष | सामाजिक विकास मन्त्रालय | प्रदेश सभा |
| ७. खुला बजेट तथ्याङ्कको उपलब्धता र पहुँच अभिवृद्धि गर्न सबै तहमा बजेट तथ्याङ्क नीति बनाउने वा यसलाई बजेट सूचना सार्वजनिकीकरण पद्धतिको अङ्गका रुपमा विकास गर्ने । | नीति वा कार्यविधिको उपलब्धता | अर्थ मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय तथा स्थानीय तहको वेभसाइट | दोस्रो वर्ष | अर्थ मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र स्थानीय कार्यपालिका | |
| ८. स्थानीय तहहरूमा बजेट प्रक्रियामा नागरिक सहभागिताको अभ्यासलाई निश्चित अंक पाउने प्रवन्ध सहितको स्वमुल्यांकन विधि संस्थागत गरी संघीय र प्रदेशको अनुदानमा आवद्ध गर्ने । | अध्यावधिक स्वमूल्याङ्कन कार्यविधि | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्राकृतिक स्रोत तथा वित्त आयोगको वेभसाइट | प्रथम वर्ष | प्राकृतिक स्रोत तथा वित्त आयोग सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय सरकारहरू | अर्थ मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ९. सङ्घ, प्रदेश र स्थानीय तहका बिचका कार्यक्रम तथा आयोजनाको दोहोरोपनाको समस्या हटाउन बजेट प्रस्तुत हुने बित्तीकै संवन्धित प्रदेश र स्थानीय तह विशेषका कार्यक्रमबारे संघले प्रदेश र स्थानीय तह तथा प्रदेशले स्थानीय तहलाई उपलब्ध गराउने र यसरी उपलब्ध गराएको जानकारी आम नागरिकका लागि पनि सार्वजनिक गर्ने प्रवन्ध गर्नुपर्छ । | सङ्घ र प्रदेशको विकास कार्यक्रम सम्वन्धी विवरण तयारी र सार्वजनिकीकरण अभ्यास | संघ र प्रदेशका अर्थ मन्त्रालय र योजना आयोगका वेभसाइट | हरेक वर्ष बजेट वक्तव्यसँगै | संघ र प्रदेशका अर्थ मन्त्रालय र योजना आयोग | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| १०. सबै तह र निकायले अल्पकालीन वा दीर्घकालीन प्रयोजनका लागि स्थापना गरेका कोषमा सङ्कलित रकम, उपयोग र बचत लगायत अवस्था सम्बन्धी अद्यावधिक विवरण समयबद्धरुपमा सार्वजनिक गर्ने । | विशेष कोष सम्बन्धी विवरण सार्वजनिकीकरण | संबन्धित तहका सरकारका वेभसाइट | त्रैमासिक, अर्ध वार्षिक र वार्षिक | संघीय अर्थ मन्त्रालय, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, स्थानीय कार्यपालिका | |

| क्रियाकलाप | प्रगति मापनका सूचकहरू | स्रोत | समय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ११. सबै तहका प्रमूख वित्तीय निकायको कार्यालयमा सार्वजनिक वित्त व्यवस्थापन महाशाखा वा शाखा निर्माण गरी सार्वजनिक वित्त व्यवस्थापनका सम्वन्धित चरणका सान्दर्भिक तथ्यांकको सार्वजनिकीकरण, नागरिक सहभागिताको औजार निर्माण, परिमार्जन तथा कार्यान्वयन र नागरिक सहभागिताको अवस्थाको मुल्यांकनको प्रमुख जिम्मेवारी निर्धारण गर्ने । | जिम्मेवारी सहितका इकाई गठन गरेका तहगत सरकार संख्या | सम्वन्धीत निकायको संगठन संरचना र जनशक्ति | प्रथम बर्ष र हरेक बर्ष | अर्थ मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, योजना आयोग, स्थानीय कार्यपालिका, महालेखापरीक्षक, संसद सचिवालय, महालेखा नियन्त्रक कार्यालय | |
| १२. बजेटका सवै चरणका महत्वपूर्ण बजेट दस्तावेज तयारी, सार्वजनिकीकरण र नागरिक सहभागिताका विधिबारे सार्वजनिक वित्त व्यवस्थापनको जिम्मेवारी भएका प्रमूख निकाय र इकाईमा आधारभूत जनशक्ति व्यवस्थापन र क्षमता विकास गर्ने । | जनशक्ति व्यवस्थापन र क्षमता विकासको अवस्था | अर्थ मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र स्थानीय कार्यपालिकाको कार्यालयमा रहने संयन्त्र | प्रथम बर्ष | हरेक तहका बजेट निकाय तथा इकाई | अर्थ मन्त्रालय (संघ), आर्थिक मामिला तथा योजना मन्त्रालय (प्रदेश) र स्थानीय कार्यपालिका |
| १३. संघीय स्तरका विशेषज्ञ निकायहरूले बजेट पारदर्शिता र बजेट सूचनाको नागरिक स्तरबाट उपयोग हुने गरी प्रभावकारी पारदर्शिताका विधि तयार गरी प्रदेश र स्थानीय तहका लागि उपलब्ध गराउने । | सवै तहमा वित्तीय पारदर्शिता प्रवर्द्धनमा सङ्घीय निकायबाट सहयोग प्राप्ति र प्रवाहको अभ्यास | प्रदेश र स्थानीय तहमा उपलब्ध गराइएको प्राविधिक सहयोगको विवरण | नियमित | संघीय अर्थ मन्त्रालय र योजना आयोग र अन्तर्गतका निकाय | विज्ञ, स्वतन्त्र विशेषज्ञ |
| १४. विद्यमान नागरिक सहभागिताको अभ्यासमा आवश्यक परिमार्जन गरी प्रतिनिधिमूलक (छानिएका स्वतन्त्र व्यक्ति तथा नागरिक संस्था) र खुला (आम नागरिक सहभागी हुन पाउने) सहभागिताका क्षेत्र निर्धारण गरी सम्वन्धित प्रक्रियाबाट नागरिक सुझाव प्राप्ति र उपयोगको अभिलेख तयारी सार्वजनिक गर्ने । | सहभागिताका परिमार्जित अभ्यास | हरेक तह र निकायका वेभसाइट | हरेक दुई वर्ष | हरेक तहका प्रमूख बजेट निकाय | पेफा सचिवालय, विषयगत मन्त्रालय |

| क्रियाकलाप | प्रगति मापनका सूचकहरू | स्रोत | समय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १५. सार्वजनिक वित्त व्यवस्थापनमा संलग्न अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, महालेखा नियन्त्रकको कार्यालय, संसद सचिवालयको सूचनाको हक कार्यान्वयको अवस्था लेखाजोखा गर्ने । | सूचनाको हक लेखापरीक्षण गरिएका निकाय संख्या | राष्ट्रिय सूचना आयोगको वेभसाइट | हरेक वर्ष | राष्ट्रिय सूचना आयोग | नागरिक संघसंस्थाहरू |
| १६. सार्वजनिक वित्त व्यवस्थापन तालिमको पाठ्यक्रममा बजेट प्रक्रियामा नागरिक सहभागिताको विधि समेट्ने । | तालिम निर्देशिकाको उपलब्धता | अर्थ/आर्थिक मामिला तथा योजना मन्त्रालयको वेभसाइट | प्रथम बर्ष | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र, प्रदेश सुशासन केन्द्र | अर्थ मन्त्रालय, पेफा सचिवालय |
| १७. हरेक पटक निर्वाचित जनप्रतिनिधिलाई प्रदेश स्तरको तालिम केन्द्रबाट पूर्व निर्धारित मितिमा प्रशिक्षण सञ्चालन गर्ने । यस्तो प्रशिक्षणमा सम्बन्धित तहका जिम्मेवार कर्मचारीहरूलाई पनि सहभागी गराउने । | तालिम संख्या र सहभागीको वर्गीकृत विवरण | तालिम तथा सहभागिता प्रतिवेदन | नियमित | सार्वजनिक वित्त व्यवस्थापन तालिम केद्र, सुशासन केन्द्र | अर्थ मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय |
| १८. सार्वजनिक वित्त व्यवस्थापनका क्षेत्रमा काम गरेको अनुभव वा चाहना भएका संघ, प्रदेश र स्थानीय तहमा नागरिक संघ संस्था पहिचान र सूचीकरण गर्ने । | नागरिक संघ संस्थाको नक्साङ्कन अभ्यासहरू | नक्साङ्कन प्रतिवेदन | हरेक दुई बर्ष | हरेक तहका प्रमूख बजेट निकाय वा इकाई | पेफा सचिवालय |
| १९. निश्चित मापदण्डका आधारमा छानिएका नागरिक संघ संस्थालाई सार्वजनिक वित्त व्यवस्थापनका विभिन्न पक्षमा क्षमता विकासका कार्यक्रम तय गरी कार्यान्वयन गर्ने। | तालिम प्राप्त नागरिक संघ संस्थाका प्रतिनिधिहरू | तालिम प्रतिवेदन, सहभागिताको अभिलेख | नियमित | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र, सुशासन केन्द्र | अर्थ मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय |
| २० बजेट सूचना र नागरिक सहभागिताको माग पक्ष सवल बनाउन र बजेटमा नागरिक निगरानी बढाउन आम सञ्चारका माध्यम तथा सामाजिक सञ्जालबाट जनहितका सन्देश प्रकाशन, प्रसारण र सचेतना अभियान सञ्चालन गर्ने । | जनहितका सन्देश, सचेतना अभियानहरू | प्रकाशित, प्रसारित सामग्री, सुनुवाइ तथा अभियानका प्रतिवेदन | नियमित | पेफा सचिवालय, अर्थ मन्त्रालमय, योजना अयोग, स्थानीय कार्यपालिका, महालेखापरीक्षकको कार्यालय, संसदीय विषयगत समितिहरू | सवै तहका सरकार, नागरिक संघ संस्था |

| क्रियाकलाप | प्रगति मापनका सूचकहरू | स्रोत | समय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २१. गाउँपालिका/नगरपालिकामा बजेट निगरानी समूहहरूको स्थापना गर्ने र उनीहरूको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने । | बजेट क्लबहरू निर्माण गर्ने र क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने स्थानीयतह संख्या | कार्यपालिकाको निर्णय तथा प्रतिवेदनहरू | हरेक दुई बर्ष | स्थानीय कार्यपालिका | नागरिक संघ संस्था, विज्ञ, संघीय र प्रादेशिक तालिम केन्द्र |
| २२. स्वतः खुलासा नभएका बजेट सूचना सूचनाको हक सम्बन्धी ऐन अनुसार सम्बन्धित निकायबाट माग गरी सार्वजनिक गर्ने अभ्यास बढाई तथ्यमा आधारित वकालतको अभ्यास बढाउने । | सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी सूचनाको हकका निवेदन र संबोधन संख्या | सूचनाको हक सम्बन्धी निवेदन प्राप्ति संबोधनको स्वःखुलासा | नियमित | नागरिक संघ संस्था, सञ्चार माध्यम, आम नागरिक | सवै तहका निकायहरू |
| २३. बजेट बढावा दिन र महत्वपूर्ण बजेट सूचनामा नागरिक पहुँच बढाउन सबै तहमा पत्रकारका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने। | तालिम प्राप्त पत्रकारहरू रहेको बजेट पत्रकारिता समूह संख्या | तालिम प्रतिवेदनहरू | नियमित | संघीय र प्रदेश स्तरीय सार्वजनिक वित्त व्यवस्थान तालिम केन्द्र | पत्रकार महासंघ, आर्थिक पत्रकार समाज |
| २४. आवधिक योजना निर्माणका क्रममा नागरिक सुझाव र पृष्ठपोषण प्राप्तिको सहजीकरण गर्ने विभिन्न क्षेत्रगत विशेषज्ञ सहितको नागरिक सल्लाहकार परिषद् (वा अन्य नामको नागरिक संयन्त्र) गठन, समुदाय स्तरमा विषयगत कार्यदल वा समिति गठन, स्थानीय पोर्टल मार्फत बजेट सूचनाको सार्वजनिकीकरण लगायतका असल अभ्यासलाई सार्वजनिक वित्त व्यवस्थापन प्रक्रियामा मूल प्रवाहीकरण गर्ने । | असल अभ्यासलाई अनुसरण र मूल प्रवाहीकरण गर्ने स्थानीय तह संख्या | स्थानीयतहको वेभसाइट तथा वेभ पोर्टल, सहभागिताका अभिलेख, खुला सुनुवाइ | नियमित | स्थानीय कार्यपालिका | |
| २५. स्थानीय तहमा कार्यरत नागरिक संघ संस्थाले महालेखापरीक्षकको प्रतिवेदन प्राप्त गर्ने, लेखापरीक्षकका ठम्याइ तथा सुझावको प्रचार-प्रसार गर्ने तथा बेरुजु फछ्यौंटको अवस्थाको नागरिक अनुगमनका लागि सहजीकरण गर्ने । | लेखा परीक्षण प्रातिवेदन प्राप्त गरी नागरिक संघ संस्थाले प्रवर्द्धनात्मक गतिविधि सञ्चालन गरेका स्थानीय तह संख्या | सञ्चार माध्यमका सामग्री तथा स्थानीय नागरिक संस्थाका वेभसाइट | नियमित | स्थानीय नागरिक सङ्घ संस्थाका सञ्जाल, पेफा सचिवालय | महालेखापरीक्षकको कार्यालय, स्थानीय कार्यपालिकाहरू |

| क्रियाकलाप | प्रगति मापनका सूचकहरू | स्रोत | समय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २६. प्रदेश, जिल्ला र स्थानीय तहमा नागरिक सङ्घ संस्था, प्राज्ञिक क्षेत्र, सञ्चार क्षेत्र समेतको सहभागिता रहने समावेशी स्वरुपको वित्तीय खुलापन प्रबर्द्धन समूह तथा सञ्जाल निर्माण र परिचालन गर्ने । | विभिन्न तहमा गठित वित्तीय खुलापन सम्बन्धी समूहहरू | प्रदेश र स्थानीय सरकारका निर्णय तथा गठित समूहको विवरण | दोस्रो वर्ष र हरेक वर्ष | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, स्थानीय कार्यपालिकाहरू | |
| २७. सार्वजनिक वित्त व्यवस्थापनका सन्दर्भमा वित्तीय सूचना प्रवाह, गुनासो तथा सुझाव सङ्कलन, वित्त व्यवस्थापन निकाय र नागरिकका बिचको अन्तरसंवाद सहजीकरण तथा रचनात्मक अन्तरक्रियाका लागि विद्युतीय माध्यम विकास र सञ्चालन गर्ने (मोबाइल एप्लिकेसन, वेब प्लाटफर्म आदि) | नागरिक सहभागिता प्रबर्द्धनका लागि विद्युतीय माध्यम विकास गरेका निकाय सङ्ख्या, माध्यम सङ्ख्या तथा ती माध्यम प्रयोगको अवस्था | सार्वजनिक भएका माध्यमको प्रयोग विश्लेषण | हरेक बर्ष | पेफा सचिवालय | संघ, प्रदेश र स्थानीय तहका सबै सार्वजनिक वित्त व्यवस्थापन निकाय |
| २८. बजेट तर्जुमा, कार्यान्वयन, अनुमोदन र निगरानीका चरणमा तयार हुने बजेट दस्तावेजमा आधारित रहेर आम सञ्चारका माध्यम मार्फत र प्रत्यक्ष भेला तथा सुनुवाइ कार्यक्रम मार्फत प्रमुख वित्तीय सूचना प्रवाहको अभ्यास नियमित सञ्चालन गर्ने । | वेब संस्करण र पुस्तिकाको स्वरुप बाहेक आम सञ्चारका माध्यम तथा सार्वजनिक मञ्चबाट वित्तीय सूचनाको प्रचार प्रसार गर्ने निकाय सङ्ख्या | आम सञ्चार माध्यममा प्रकाशित सामग्री, प्रत्यक्ष सुनुवाइका अभिलेख | प्रथम बर्षबाट नियमित | तीनै तहका वित्तीय व्यवस्थापन निकाय | पेफा सचिवालय |

# सार्वजनिक वित्त व्यवस्थापनमा नागरिक सहभागिता रणनीति तथा कार्य योजना, २०७८

## अनुगमन तथा मूल्याङ्कन योजना

| सूचक (नतिजा) | सूचनाको स्रोत/प्रमाणीकरणको विधि | अनुगमन/मापनको बारम्बारता | जिम्मेवार निकाय |
|---|---|---|---|
| **सङ्घीय तह** | | | |
| **उद्देश्य :** सङ्घीय बजेट प्रक्रियाको पारदर्शिता, पहुँचयोग्यता र जवाफदेहिता सुधार गर्ने | | | |
| **सफलता सूचक :** खुला बजेट सूचकाङ्क | | | |
| **प्रगति सूचकहरू** | | | |
| **चरण १ : आवधिक/रणनीतिक योजना निर्माण र वित्तीय प्रक्षेपण** | | | |
| १.१. नागरिक सहभागिताका चरण सहितको आवधिक रणनीतिक योजना नागरिक परामर्श तथा सहभागिता सम्बन्धी कार्यविधिको उपलब्धता, योजनाको मस्यौदा सार्वजनिकीकरण तथा सुझाव र परामर्शमा विज्ञ तथा नागरिक संस्था एवं सर्वसाधारणको सहभागिताको अभ्यास | राष्ट्रिय योजना आयोगको वेभसाइट परामर्श बैठकका निर्णय पुस्तिका तथा सहभागिता सम्बन्धी वेभ प्रकाशन | प्रथम वर्षदेखि प्रत्येक पटक आवधिक योजना निर्माणको समय (३ देखि ५ वर्ष) | राष्ट्रिय योजना आयोग |
| १.२. मध्यमकालीन खर्च संरचनाको सार्वजनिक मस्यौदा तथा सुझाव र पृष्ठपोषणमा नागरिक सहभागिताको विवरण | अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगको वेभसाइट, परामर्श र सहभागिता सम्बन्धी प्रतिवेदन | हरेक वर्ष | अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग |
| १.३. खुला तथ्याङ्क स्वरुपमा तयार गरी सार्वजनिक गरिएको परियोजना बैङ्क | राष्ट्रिय योजना आयोगको वेभ पोर्टल | नियमित | राष्ट्रिय योजना आयोग |
| **चरण २ : बजेट तर्जुमा** | | | |
| २.१. बृहत् अर्थशास्त्रीय परिसूचक र वित्तीय प्रक्षेपण लगायतका आँकडा सहितको पूर्व बजेट विवरण सार्वजनिकीकरण र पूर्व बजेटमा विभिन्न माध्यमबाट सङ्कलित नागरिक पृष्ठपोषण | अर्थ मन्त्रालयको वेभसाइट र सुझाव र पृष्ठपोषणका अभिलेख | वैशाख १५ भित्र सार्वजनिकीकरण र जेष्ठ १५ सम्म सुझाव र पृष्ठपोषण संकलन | अर्थ मन्त्रालय/राष्ट्रिय योजना आयोग (सार्वजनिकीकरण)<br><br>अर्थ मन्त्रालय/राष्ट्रिय योजना आयोग/संसदको अर्थ समिति (सुझाव र पृष्ठपोषण संकलन) |

| सूचक (नतिजा) | सूचनाको स्रोत/प्रमाणीकरणको विधि | अनुगमन/मापनको बारम्बारता | जिम्मेवार निकाय |
|---|---|---|---|
| २.२. बजेट तर्जुमा चरणमा विभिन्न क्षेत्रमा रहेर अर्थ समिति लगायत संसदीय विषयगत समितिले गर्ने नागरिक परामर्शका निर्धारित विधि र यसको कार्यान्वयनको संसदीय प्रतिवेदन | संसद सचिवालय र अर्थ मन्त्रालयको वेभसाइट | हरेक वर्ष पौषदेखि जेष्ठ १५ सम्म | संसदको अर्थ समिति |
| २.३. राजस्व नीति सम्बन्धमा सङ्कलित नागरिक पृष्ठपोषण तथा परामर्शमा नागरिक सङ्घ संस्था तथा निजी क्षेत्रको सहभागिताको निर्धारित विधिको र विभिन्न पक्षबाट प्राप्त सुझाव सहितको प्रतिवेदन | राजस्व परामर्श समिति र अर्थ मन्त्रालयको वेभसाइट, नागरिक पृष्ठपोषणका अभिलेख | प्रथम वर्ष (विधि निर्धारण) प्रतिवेदन (हरेक वर्ष) | राजस्व परामर्श समिति |
| २.४. समावेशी सहभागिताको सुनिश्चितता सहित बजेट तर्जुमा चरणमा नागरिक पृष्ठपोषण प्राप्तिको विधि, माध्यम, सहभागिताको अवस्था | अर्थ मन्त्रालयको वेभसाइट र अन्तरक्रियात्मक अनलाइन प्लाटफर्म, प्रत्यक्ष सम्बाद र सहभागिताको खण्डीकृत विवरण सहितको प्रतिवेदन | प्रथम वर्ष र नियमित | अर्थ मन्त्रालय |
| २.५. लैङ्गिक बजेट सङ्केत सम्बन्धी परिमार्जित निर्देशिका र कार्यक्रम तहमा लैङ्गिक सङ्केत समावेश गर्ने अभ्यास | आय-व्यय विवरण (रातो किताब) | प्रथम वर्ष र हरेक वर्ष | अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग |
| २.६. रातो किताबसँगै नागरिक बजेटको सार्वजनिकीकरण तथा रातो किताबमा रहने बजेट तथ्याङ्कको खुला तथ्याङ्क स्वरुपमा उपलब्धता | अर्थ मन्त्रालयको वेभसाइट, अर्थ मन्त्रालय र महालेखा नियन्त्रकको वेभ पोर्टल | हरेक वर्ष | अर्थ मन्त्रालय/ महालेखा नियन्त्रकको कार्यालय |
| **चरण ३ : बजेट अनुमोदन** | | | |
| ३.१. अनुमोदनको चरणमा हुने छलफलका क्रममा आय र व्यय विभिन्न पक्षमा नागरिक सुझाव र पृष्ठपोषण सङ्कलन तथा परामर्शका लागि निर्धारण गरिएका विधि र माध्यमहरू (कल सेन्टर, मोबाइल एप्लीकेशन, सुझाव पेटिका, इमेल आदि) को उपलब्धता | संसद सचिवालयको वेभसाइट र अन्य माध्यमहरू | हरेक वर्ष | संसद सचिवालय |
| ३.२. सरकारको बजेट प्रस्तावबारे संसदीय अध्ययन तथा विश्लेषण प्रतिवेदनको उपलब्धता | संसद सचिवालयको वेभसाइट | हरेक वर्ष | संसद सचिवालय |
| ३.३. संसदमा बजेटमाथिको छलफल शुरु गर्नु अघिको प्रतिनिधिमुलक नागरिक सुनुवाईको अभ्यास । | प्रत्यक्ष प्रसारण तथा नागरिक सुनुवाई प्रतिवेदन | हरेक वर्ष जेष्ठ तेस्रो साता | संसदको अर्थ समिति |
| **चरण ४ : बजेट कार्यान्वयन** | | | |
| ४.१. कार्यक्रम तहको तुलनात्मक अवस्था विश्लेषण लगायत थप विस्तृत वित्तीय सूचना सहितको अर्ध वार्षिक र वार्षिक प्रतिवेदनको उपलब्धता | अर्थ मन्त्रालय / महालेखा नियन्त्रक कार्यालयको वेभसाइट | प्रथम वर्षदेखि हरेक वर्ष | अर्थ मन्त्रालय र महालेखा नियन्त्रकको कार्यालय |

| सूचक (नतिजा) | सूचनाको स्रोत/प्रमाणीकरणको विधि | अनुगमन/मापनको बारम्बारता | जिम्मेवार निकाय |
|---|---|---|---|
| ४.२. क. सार्वजनिक खर्च पछ्याउने सर्वेक्षण, तेस्रो पक्ष अनुगमन र नागरिक अनुगमन भएका सङ्घीय कार्यक्रम तथा परियोजना सङ्ख्या | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र सम्बन्धित निकायको वेभसाइटबाट सार्वजनिक प्रतिवेदन | प्रथम बर्ष देखि हरेक बर्ष | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, विषयगत मन्त्रालय र निकायहरू |
| ४.२. ख. बजेट तथा कार्यक्रम कार्यान्वयनको अनुगमन सम्बन्धमा तालिम प्राप्त सञ्चारकर्मी तथा नागरिक सङ्घ संस्थाहरूको सङ्ख्या | तालिमका अभिलेख | हरेक बर्ष | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र |
| ४.३. राष्ट्रिय गौरवका आयोजनामा नागरिक/सेवाग्राही सन्तुष्टि सर्वेक्षण सङ्ख्या | राष्ट्रिय योजना आयोग र सम्बन्धित निकायको वेभसाइट सार्वजनिक सर्वेक्षण प्रतिवेदन | वार्षिक, मध्यावधि र समापन पछि | सम्बन्धित निकाय र राष्ट्रिय योजना आयोग |
| ४.४. आय र व्ययका प्राविधिक पक्ष, बृहत अर्थशास्त्रीय सबाल, बजेटमा संसदीय निगरानी तथा सार्वजनिक वित्त व्यवस्थापनका विभिन्न पक्षमा तालिम प्राप्त सांसद तथा विषयगत संसदीय समिति संख्या | तालिमका अभिलेख | पहिलो वर्ष र हरेक वर्ष आवश्यकता अनुसार | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र |
| ४.५. सार्वजनिक खरिदका तथ्याङ्क तथा सूचना सार्वजनिक गर्ने विधि सहितको परिमार्जित सार्वजनिक खरिद नियमावली वा निर्देशिका तथा सो अनुसार सार्वजनिक खरिद सम्बन्धी अध्यावधिक तथ्याङ्क र सूचनाको उपलब्धता | सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट र पोर्टल | दोस्रो वर्ष<br>हरेक पल | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सार्वजनिक खरिद अनुगमन कार्यालय |
| ४.६. मध्यावधि समीक्षा प्रतिवेदनमा आधारित रहेर बजेट कार्यान्वयनका सन्दर्भमा प्राप्त नागरिक सल्लाह र सुझाव संबन्धी सार्वजनिक विवरण तथा नागरिक सहभागितामा हुने बैठकका एजेन्डा तथा निर्णयहरूको सार्वजनिक जानकारी | अर्थ मन्त्रालय र विषयगत मन्त्रालय तथा सम्बन्धित निकायको वेबसाइटमा प्रकाशित प्रतिवेदन तथा प्रक्रियागत अभिलेखहरू | हरेक वर्ष | अर्थ मन्त्रालय, विषयगत मन्त्रालयहरू तथा सम्बन्धित निकायहरू |
| ४.७. बजेट कार्यान्वयनको समिक्षाका सन्दर्भमा कार्यान्वयन निकायले गर्ने नागरिक परामर्श बैठकका एजेन्डा तथा निर्णयहरूको सार्वजनिक जानकारी | सम्बन्धित निकायका प्रक्रियागत प्रतिवेदन | पहिलो बर्षदेखि हरेक बर्ष (बजेट कार्यान्वयनका क्रममा हुने अन्तरक्रिया अघि र पछि) | विषयगत मन्त्रालयहरू तथा अन्य बजेट कार्यान्वयन निकाय |
| ४.८. क. सार्वजनिक संस्थानहरूको त्रैमासिक प्रगति प्रतिवेदन सार्वजनिकीकरणको अभ्यास<br>४.८.ख.सार्वजनिक संस्थानहरूले सार्वजनिक गरेका प्रतिवेदनमा आधारित रहेर सञ्चालन गरिएका नागरिक सम्बाद र सुनुवाई संख्या | अर्थ मन्त्रालय तथा सम्बन्धित सार्वजनिक संस्थानको वेभसाइट संबाद र सुनुवाईका अभिलेख र सहभागिताको विवरण | पहिलो वर्ष र हरेक वर्ष<br>पहिलो बर्षदेखि त्रैमासिक रुपमा | सबै सार्वजनिक संस्थान तथा सार्वजनिक ऋण व्यवस्थापन कार्यालय |

| सूचक (नतिजा) | सूचनाको स्रोत/प्रमाणीकरणको विधि | अनुगमन/मापनको बारम्बारता | जिम्मेवार निकाय |
|---|---|---|---|
| ४.९. बजेटको खर्च शिर्षकमा गरिएका रकमान्तर र स्रोतान्तर सम्बन्धी विवरणको उपलब्धता र पहुँच | अर्थ मन्त्रालयको वेभसाइट | हरेक महिना | अर्थ मन्त्रालय |
| ४.१०क. महामारी तथा विपद्को समयमा गरिने रकमान्तर तथा स्रोतान्तर संवन्धी कार्यविधिको उपलब्धता,<br>ख. त्यस्ता वित्तीय सूचनाको सार्वजनिकीकरण र नागरिक संबादको अभ्यास<br>ग. विपद्को समयमा गरिने प्रमूख सार्वजनिक खरीदमा नागरिक अनुगमनका अभ्यास | अर्थ मन्त्रालयको वेभसाइट<br>नागरिक संवाद र सुनुवाईका अभिलेख<br>सहभागितामुलक अनुगमन प्रतिवेदन | दोस्रो वर्ष<br>हरेक महिना<br>हरेक महिना | अर्थ मन्त्रालय<br>अर्थ मन्त्रालय<br>सार्वजनिक खरीद अनुगमन कार्यालय, सम्वन्धित मन्त्रालय तथा निकाय । |
| **चरण ५ : लेखाङ्कन र प्रतिवेदन** | | | |
| ५.१. कार्यक्रम तहको तुलनात्मक स्थिति सहितको नियमित वित्तीय प्रतिवेदनको उपलब्धता | अर्थ मन्त्रालयको वेभसाइट | चौमासिक, अर्ध वार्षिक र वार्षिक, | अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालय |
| ५.२. एकीकृत पोर्टल मार्फत विस्तृत बजेट तथ्याङ्क तथा वर्गीकृत तहगत राजस्व तथ्याङ्कको उपलब्धता | महालेखा नियन्त्रक कार्यालयको वेभ पोर्टल | वास्तविक समय | महालेखा नियन्त्रक कार्यालय |
| ५.३. सार्वजनिक सम्पत्तिको सार्वजनिक अभिलेख तथा खुला तथ्याङ्कको उपलब्धता | महालेखा नियन्त्रक कार्यालयको वेभ पोर्टल | नियमित | महालेखा नियन्त्रक कार्यालय |
| **चरण ६ : लेखापरीक्षण र निगरानी** | | | |
| ६.१. क. कार्यमुलक लेखापरीक्षणमा नागरिक सहभागिताको परिमार्जित विधि र अभ्यास<br>६.१. ख. वातावरणीय लेखापरीक्षण, सूचना प्रविधि लेखा परीक्षण, विशेष लेखा परीक्षण आदिमा नागरिक सहभागिताका लागि निर्धारित विधि र तिनको कार्यान्वयन अवस्था<br>६.१.ग. वित्तीय र नियमितता लेखापरीक्षणका क्रममा जोखिम विश्लेषण तथा लेखापरीक्षण योजना निर्माणका क्रममा नागरिक सुझाव सङ्कलनको प्रबन्ध<br>६.१. घ. जिल्ला स्तरमा डोर कार्यालयले गर्ने लेखापरीक्षण सम्बन्धमा गुनासो तथा सुझाव सङ्कलनको अभ्यास | परिमार्जित लेखापरीक्षण निर्देशिका र महालेखापरीक्षकको वेभसाइटमा राखिएको नागरिक सहभागिता खुल्ने प्रतिवेदनहरू | प्रथम वर्ष र हरेक वर्ष | महालेखापरीक्षकको कार्यालय |
| ६.२. सबै तह र निकायका निकायगत लेखापरीक्षण प्रतिवेदनको उपलब्धता र लेखापरीक्षण प्रतिवेदनमा नागरिक पृष्ठपोषणका लागि निर्माण र सञ्चालन भएको अन्तरक्रियात्मक डिजिटल प्लाटफर्म | महालेखापरीक्षक र सम्बन्धित निकायको वेभसाइट, वेभ पोर्टल तथा मोबाइल एप्लीकेशन | वार्षिक प्रतिवेदन प्रस्तुत भएको ७ (सात) दिन भित्र | महालेखापरीक्षकको कार्यालय र संघीय स्तरका सवै निकाय |

| सूचक (नतिजा) | सूचनाको स्रोत/प्रमाणीकरणको विधि | अनुगमन/मापनको बारम्बारता | जिम्मेवार निकाय |
|---|---|---|---|
| ६.३. सार्वजनिक लेखा समितिका छलफलमा नागरिक सहभागिताको निर्धारित विधि र माध्यमहरू (प्रत्येक्ष संवाद र परामर्श) र सहभागिताका अभ्यास | संसद सचिवालयको वेभसाइट र सम्वन्धित सहभागिताका अभिलेख तथा प्रतिवेदन | नियमित | संसदको सार्वजनिक लेखा समिति |
| ६.४. विषयगत मन्त्रालय तथा निकायको बजेट कार्यान्वयनको अवस्था सम्बन्धी संसदीय अध्ययन प्रतिवेदनको सार्वजनिकीकरण | संसद सचिवालयको वेभसाइटमा राखिएका प्रतिवेदन | हरेक वर्ष | संसदीय विषयगत समितिहरू |
| ६.५. संसद सचिवालय अन्तर्गत स्थापित बजेट कार्यालय र विज्ञ जनशक्तिको उपलब्धता | संसद सचिवालयको संगठन संरचना | दोस्रो वर्ष | प्रतिनिधि सभा |
| ६.६. वित्तीय जोखिम सम्बन्धी आम सञ्चारका माध्यमबाट प्रकाशित सूचना तथा सन्देशहरू | पेफा सचिवालय तथा संसद सचिवालयको वेभसाइट | नियमित | संसद सचिवालय, महालेखापरीक्षकको कार्यालय र पेफा सचिवालय |
| ६.७. स्थानीय स्तरमा कार्यान्वयन हुने संघीय कार्यक्रमको सार्वजनिक परीक्षण र सुनुवाई सङ्ख्या | सम्बन्धित निकायको वेभसाइट तथा खुला सुनुवाइ | नियमित | सबै बजेट कार्यान्वयन निकाय |
| **प्रादेशिक तह** | | | |
| **उद्देश्य :** प्रभावकारी नागरिक सहभागिताको माध्यमबाट प्रदेश बजेटलाई स्थानीय विकासको आवश्यकता र लगानीको रणनीतिक प्राथमिकतासँग आवद्ध गराउने । | | | |
| **सफलता सूचक :** सार्वजनिक वित्त व्यवस्थापन प्रक्रियाको खुलापनको लेखाजोखा प्रतिवेदन र प्रादेशिक विकास सूचकाङ्क | | | |
| **प्रगति सूचकहरू** | | | |
| **चरण १ : आवधिक/रणनीतिक योजना निर्माण र वित्तीय प्रक्षेपण** | | | |
| १.१. आवधिक योजनाको निर्माणको क्रममा सार्वजनिक प्रारम्भिक मस्यौदा सार्वजनिकीकरण र त्यसमाथि नागरिक सुझाव र पृष्ठपोषण प्राप्तिको विधि र अभ्यास | प्रदेश नीति तथा योजना आयोगको वेभसाइट, सुझाव र पृष्ठपोषण प्राप्तिका लागि निर्धारित माध्यम | हरेक योजना निर्माणको समय | प्रदेश नीति तथा योजना आयोग |
| १.२. नागरिक पृष्ठपोषणको अवसरसहित मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा सार्वजनिकीकरकण अभ्यास | प्रदेश नीति तथा योजना आयोगको वेभसाइट, सुझावका लागि जारी सूचना तथा प्रतिवेदन | हरेक वर्ष मध्यावधि समीक्षासँगै | प्रदेश नीति तथा योजना आयोग र अर्थ मन्त्रालय |
| १.३. प्रदेश स्तरको योजना बैङ्क तयारी र सार्वजनिकीकरण अभ्यास | प्रदेश नीति तथा योजना आयोगको वेभसाइट/पोर्टल र प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको वेभसाइट तथा खुला अभ्यास | दोस्रो वर्ष | प्रदेश नीति तथा योजना आयोग, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय |
| १.४. आयोजना बैङ्कमा रहेका परियोजनालाई बजेट वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गर्ने पद्धति सहितको परिमार्जित बजेट तर्जुमा दिग्दर्शन र अभ्यास | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको वेभसाइट तथा खुला अभ्यास | दोस्रो वर्ष | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय |

| सूचक (नतिजा) | सूचनाको स्रोत/प्रमाणीकरणको विधि | अनुगमन/मापनको बारम्बारता | जिम्मेवार निकाय |
|---|---|---|---|
| १.५. प्रदेश स्तरमा आवधिक/रणनीतिक योजना, मध्यमकालीन खर्च संरचना र परियोजना बैङ्कको अवधारणा संस्थागत गर्न जनशक्तिको उपलब्धता | नीति तथा योजना आयोगको सङ्गठन संरचना र जनशक्ति | दोस्रो वर्ष | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, नीति तथा योजना आयोग |
| **चरण २ : बजेट तर्जुमा** | | | |
| २.१. पूर्व बजेट विवरण संबन्धी परिमार्जित प्रावधान सहित आर्थिक कार्यविधि ऐनमा भएको संशोधन | अर्थ मन्त्रालय र प्रदेशसभा सचिवालयको वेभसाइट | प्रथम वर्ष | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय तथा प्रदेश सभा, अर्थ समिति |
| २.२. आधारभूत आर्थिक र वित्तीय सूचना सहितको पूर्व बजेट विवरणको उपलब्धता | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको वेभसाइट | हरेक वर्ष बजेट पेश हुनुभन्दा कम्तीमा १ महिना पहिले | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय |
| २.३. पूर्वबजेट विवरणका आधारमा नागरिक र संसदबाट प्राप्त सुझाव र पृष्ठपोषणको विवरण | अर्थ मन्त्रालय र प्रदेशसभा सचिवालयको वेभसाइट | हरेक वर्ष बजेट पेश हुनुभन्दा ७ दिन पहिले | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, सभाको अर्थ समिति |
| २.४. सभाको अर्थ समितिले राजस्व नीतिका सन्दर्भमा गरेका परामर्श, सुझाव र पृष्ठपोषणको अभ्यास | प्रदेशसभा सचिवालयको वेभसाइटमा उपलब्ध प्रतिवेदनहरू | दोस्रो वर्ष (विधि निर्धारण) हरेक वर्ष (कार्यान्वयन) | प्रदेश सभा अन्तर्गतको अर्थ समिति |
| २.५. राजस्व परामर्श समितिले नागरिक सुझाव तथा पृष्ठपोषण प्राप्ति, विश्लेषण र प्रतिवेदन निर्माणको अभ्यास गर्ने प्रदेशहरूको संख्या | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको वेभसाइट | नियमित | राजस्व परामर्श समिति |
| २.६. बजेटको सरलीकृत प्रस्तुति अर्थात् नागरिक बजेटको उपलब्धता | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको वेभसाइट | हरेक वर्ष बजेट पेश भएको ७ दिन भित्र | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय |
| २.७. लैङ्गिक बजेट तर्जुमा दिग्दर्शनको उपलब्धता र लैङ्गिक बजेट सङ्केत सहितको रातो किताब प्रकाशन अभ्यास गर्ने प्रदेश संख्या | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको वेभसाइट | प्रथम वर्ष र हरेक वर्ष | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय र नीति तथा योजना आयोग |
| २.८. बजेट तर्जुमा दिग्दर्शनमा समावेश परियोजना बैंकको कार्यान्वयन र पूर्वाधारका योजनाको प्रस्ताव प्राप्ति, बजेट तर्जुमाका विभिन्न चरणमा नागरिक सहभागिताको तालिका सहितको बजेट तर्जुमा दिग्दर्शनको उपलब्धता र कार्यान्वयन अभ्यास | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय र भौतिक पूर्वाधार मन्त्रालयको वेभसाइट | दोस्रो वर्ष र हरेक वर्ष | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालय |
| २.९. निर्वाचन क्षेत्र स्तरमा सहभागितामूलक बजेट तर्जुमा गोष्ठी गर्ने प्रदेश सङ्ख्या र सङ्कलित सुझाव सम्बन्धी विवरणको उपलब्धता | खुला सभा तथा प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको वेभसाइट रहेका प्रतिवेदन | हरेक वर्ष | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय |

| सूचक (नतिजा) | सूचनाको स्रोत/प्रमाणीकरणको विधि | अनुगमन/मापनको बारम्बारता | जिम्मेवार निकाय |
|---|---|---|---|
| **चरण ३ : बजेट अनुमोदन** | | | |
| ३.१. प्रदेश सभाले बजेटका सन्दर्भमा गरेको खुला संवाद तथा सङ्कलित सुझावको अभिलेख | खुला सुनुवाइ तथा प्रदेश सभा सचिवालयको वेभसाइट | हरेक वर्ष | प्रदेशसभा सचिवालय |
| **चरण ४ : बजेट कार्यान्वयन** | | | |
| ४.१. सार्वजनिक खरिदसँग सम्वन्धित निकायगत विस्तृत तथ्याङ्क तथा दस्तावेज सार्वजनिकीकरण | सम्बन्धित निकायको वेभसाइट तथा संघीय सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभ पोर्टल | हरेक वर्ष | विषयगत मन्त्रालय तथा निकायहरू |
| ४.२. बजेट कार्यान्वयन नागरिक संलग्नता, साझेदारी र सहभागितामूलक अनुगमन कार्यविधिको उपलब्धता | प्रदेश नीति तथा योजना आयोग र अर्थ मन्त्रालयको वेभसाइट | दोस्रो वर्ष | प्रदेश नीति तथा योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ४.३. तेस्रो पक्ष अनुगमन भएका परियोजना सङ्ख्या र सार्वजनिक खर्च पछ्याउने सर्वेक्षण भएका कार्यक्रम सङ्ख्या | प्रदेशसभा सचिवालय, नीति तथा योजना आयोग र विषयगत मन्त्रालय तथा निकायको वेभसाइट | नियमित | संसदीय समिति, योजना आयोग र विषयगत मन्त्रालय तथा कार्यालयहरू |
| ४.४. लाभग्राहीको सहभागितामा अनुगमन गरिएका परियोजना सङ्ख्या | प्रदेशसभा सचिवालय, नीति तथा योजना आयोग र विषयगत मन्त्रालयको वेभसाइट | नियमित | संसदीय विषयगत समिति, योजना आयोग र विषयगत मन्त्रालय |
| ४.५. नागरिक अनुगमन भएका प्रदेशबाट स्थानीय स्तरमा सञ्चालन गरिएका परियोजना सङ्ख्या | सम्बन्धित मन्त्रालय तथा निकायको वेभसाइट | नियमित | विषयगत मन्त्रालय तथा कार्यालयहरू |
| ४.६. बजेट कार्यान्वयनका चरणमा सार्वजनिक सुनुवाइ/संवाद कार्यविधि निर्माण र कार्यान्वयन गरेका प्रदेश सरकार र निकाय सङ्ख्या | सामाजिक विकास मन्त्रालयको वेभसाइट, खुला सुनुवाइहरू | प्रथम वर्ष र नियमित | सामाजिक विकास मन्त्रालय, विषयगत मन्त्रालय तथा कार्यालयहरू |
| ४.७. उपभोक्ता समिति गठन सम्बन्धी खुला भेला, सार्वजनिक लेखापरीक्षण तथा उपभोक्ता समितिका कार्य प्रगति सार्वजनिकीकरण प्रक्रिया र अभ्यासहरू | भेला, बैठक र सार्वजनिक सूचनाका अभिलेख तथा सार्वजनिक लेखापरीक्षण प्रतिवेदनहरू | नियमित | विषयगत मन्त्रालय, अन्तर्गतका कार्यालय तथा उपभोक्ता समितिहरू |
| ४.८. उपभोक्ता समितिबाट कार्य प्रगति सार्वजनिक गर्ने अभ्यासहरू | सार्वजनिक सूचना, अभिलेख तथा प्रतिवेदनहरू | नियमित | विषयगत मन्त्रालय, अन्तर्गतका कार्यालय तथा उपभोक्ता समितिहरू |

| सूचक (नतिजा) | सूचनाको स्रोत/प्रमाणीकरणको विधि | अनुगमन/मापनको बारम्बारता | जिम्मेवार निकाय |
|---|---|---|---|
| ४.९. नागरिक/उपभोक्ता सन्तुष्टि सर्वेक्षण भएका प्रमुख परियोजना तथा कार्यक्रम संख्या र प्रतिशत | मुख्यमन्त्री कार्यालय तथा विषयगत मन्त्रालयको वेभसाइटबाट सार्वजनिक प्रतिवेदन | नियमित / कार्यक्रम र परियोजना समापन पश्चात् | विषयगत मन्त्रालय तथा कार्यालयहरू |
| ४.१०.महामारीको समयमा वित्तीय पारदर्शिता र नागरिक सहभागिता कार्यविधिको उपलब्धता, वित्तीय सूचना सार्वजनिकीकरण र सहभागिताका अभ्यासहरू | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको वेभसाइट | पहिलो वर्ष र आपत्कालीन समयमा हरेक महिना | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ४.११.विनियोजन ऐन अन्तर्गत रहेर भएका रकमान्तर तथा स्रोतान्तर सम्बन्धी विवरणको सार्वजनीकिकरण | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको वेभसाइट | हरेक महिना | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ४.१२.विनियोजन ऐनको सीमा बाहिर रकमान्तर र स्रोतान्तर गर्ने सम्वन्धमा सोको स्वीकृति / अनुमोदनका लागि सभामा प्रस्तुत प्रस्ताव | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको वेभसाइट | विनियोजन ऐनको सीमा बाहिरको रकमान्तर र स्रोतान्तर आवश्यक परेको अवस्थामा हरेक पटक | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय |
| **चरण ५ : लेखाङ्कन र प्रतिवेदन** | | | |
| ५.१. एकीकृत मासिक, चौमासिक, अर्ध वार्षिक र वार्षिक प्रतिवेदन तयारी र सार्वजनिकीकरणको निर्धारित कार्यतालिका र सार्वजनिकीकरण अभ्यास | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय र सम्बन्धित कार्यालयको वेभसाइट | मासिक, चौमासिक, अर्ध वार्षिक, वार्षिक | अर्थ मन्त्रालय र सम्बन्धित मन्त्रालय तथा कार्यालयहरू |
| ५.२. लेखाङ्कन र प्रतिवेदन प्रणालीहरूमा प्रविष्टि भएका बजेट वित्तीय तथ्याङ्क आर्थिक, प्रशासनिक तथा कार्यगत वर्गीकरण सहित खुला तथ्याङ्क स्वरुपमा उपलब्धता | महालेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयको वेभसाइट वा पोर्टल | हरपल | मन्त्रालय तथा कार्यालयहरू (प्रविष्टि) प्रदेश लेखा नियन्त्रक कार्यालय |
| **चरण ६ : बाह्य लेखापरीक्षण र निगरानी** | | | |
| ६.१. प्रदेश स्तरमा कार्यमुलक लेखापरीक्षणको क्रममा नागरिक सहभागिताका विधि सहितको परिमार्जित कार्यविधि र अभ्यास | महालेखापरीक्षक कार्यालयको वेभसाइट | प्रथम वर्ष र नियमित | महालेखापरीक्षकको कार्यालय |
| ६.२. लेखापरीक्षणका विभिन्न पक्षमा नागरिक सङ्घ संस्था तथा सञ्चार प्रतिनिधिले तालिम पाएका प्रदेशहरूको संख्या | महालेखापरीक्षक कार्यालयको वेभसाइट र मिडिया प्रतिवेदन | हरेक वर्ष | महालेखापरीक्षकको कार्यालय |
| ६.३. पत्रकार सम्मेलन गरी लेखापरीक्षण प्रतिवेदन सार्वजनिकीकरण भएका प्रदेशको सङ्ख्या | पत्रकार सम्मेलनको अभिलेख, सञ्चार सामग्री | हरेक वर्ष | सभाको सार्वजनिक लेखा समिति |
| ६.४. लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको अध्ययन गर्ने सम्बन्धी लेखा समितिको अद्यावधिक कार्यविधि | सभा सचिवालयको वेभसाइट | दोस्रो वर्ष | सार्वजनिक लेखा समिति |

| सूचक (नतिजा) | सूचनाको स्रोत/प्रमाणीकरणको विधि | अनुगमन/मापनको बारम्बारता | जिम्मेवार निकाय |
|---|---|---|---|
| ६.५. संसदीय समितिमा महालेखापरीक्षकको प्रतिवेदन माथिको खुला छलफलका अभ्यास | प्रतिवेदन तथा अभिलेखहरू | हरेक वर्ष | सार्वजनिक लेखा समिति |
| ६.६. सार्वजनिक लेखा समितिले नागरिक सहभागितामा लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको समीक्षा गर्ने प्रदेश सङ्ख्या | सभा सचिवालयको वेभसाइटमा प्रकाशित समितिको प्रतिवेदन | मासिक, चौमासिक, अर्ध वार्षिक, वार्षिक | अर्थ समिति लगायत सवै प्रदेश सभाका समितिहरू |
| ६.७. प्रदेशसभा अन्तर्गतका विषयगत समितिहरूले वित्त व्यवस्थापन र सहभगिताका विषयमा तालिम प्राप्त गरेका प्रदेश सङ्ख्या | तालिम प्रतिवेदन तथा अभिलेख | हरेक दुई वर्षमा एक पटक | प्रदेशसभा सचिवालय |
| ६.८. सहभागितामूलक संसदीय अनुगमन कार्यविधिको उपलब्धता | प्रदेश सभा सचिवालयको वेभसाइट | दोस्रो वर्ष | प्रदेशसभा सचिवालय |
| ६.९. प्रदेश सभा सचिवालयमा अन्तर्गत स्थापित बजेट कार्यालय | संस्थागत संरचना र उपलब्ध जनशक्ति | तेस्रो वर्ष | प्रदेशसभा सचिवालय |
| **स्थानीय तह** | | | |
| **उद्देश्य ३ : स्थानीय सार्वजनिक वित्त व्यवस्थापन प्रक्रियामा नागरिक सहभागिता र समावेशिताको सिद्धान्तको व्यावहारिक कार्यान्वयन गर्ने ।** | | | |
| **सफलताको सूचक : ग्रामीण र शहरी दुबै परिवेश सुहाउँदो नियम तथा निर्देशिकाको प्रबन्ध तथा तिनको कार्यान्वयनमा जुटेका स्थानीय सरकारहरूको सङ्ख्या** | | | |
| **प्रगति सूचकहरू** | | | |
| **चरण १ : आवधिक/रणनीतिक योजना निर्माण र वित्तीय प्रक्षेपण** | | | |
| १.१. सहभागितामुलक आवधिक योजना तर्जुमा कार्यविधि निर्माण गरेका स्थानीय तह | गाउँ/नगरपालिकाको वेभसाइट | प्रथम वर्ष | गाउँ/नगर कार्यपालिका |
| १.२. आवधिक योजना मस्यौदा सार्वजनिक गरी नागरिक सुझाव सङ्कलन गर्ने र अन्तिम मस्यौदा सार्वजनिक गर्ने स्थानीय तहको हिस्सा | गाउँ/नगरपालिकाको वेभसाइट र पुस्तिका | आवधिक योजना निर्माणको समय | गाउँ/नगर कार्यपालिका |
| १.३. मध्यमकालीन खर्च संरचना तयार गरी सार्वजनिक गर्ने तथा त्यसमा नागरिक सुझाव र परामर्शको अवसर उपलब्ध गराउने स्थानीय तहको सङ्ख्या | गाउँ/नगरपालिकाको वेभसाइट, नागरिक सुझाव र पृष्ठपोषणको सूचना तथा अभिलेख | हरेक वर्ष | गाउँ/नगर कार्यपालिका |
| १.४. सहभागितामूलक विधिबाट परियोजना बैङ्क तयार गर्ने स्थानीय तह सङ्ख्या | गाउँ/नगरपालिकाको वेभसाइट | हरेक वर्ष | गाउँ/नगर कार्यपालिका |
| १.५. योजना तथा वित्त व्यवस्थापन शाखा वा एकाइ गठन गरेका स्थानीय तहको सङ्ख्या | सङ्गठन संरचना तथा जनशक्ति | दोस्रो वर्षदेखि निरन्तर | गाउँ/नगर कार्यपालिका |

| सूचक (नतिजा) | सूचनाको स्रोत/प्रमाणीकरणको विधि | अनुगमन/मापनको बारम्बारता | जिम्मेवार निकाय |
|---|---|---|---|
| १.६. मध्यमकालीन खर्च संरचना सम्बन्धी तालिम प्राप्त स्थानीय तह, पदाधिकारी तथा कर्मचारी सङ्ख्या | तालिम प्रतिवेदन तथा अभिलेखहरू | प्रथम वर्ष र हरेक दुई वर्ष | स्थानीय सरकारहरू, सङ्घीय सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र, प्रदेश सुशासन केन्द्र |
| **चरण २ : बजेट तर्जुमा** | | | |
| २.१. बजेट तर्जुमाका विभिन्न चरणमा गरिने क्रियाकलापको व्याख्या सहितको बजेट तर्जुमा दिग्दर्शन र बजेट तर्जुमा गोष्ठीमा सहभागीको खण्डीकृत तथ्याङ्कको उपलब्धता भएका स्थानीय तहको सङ्ख्या | स्थानीय तहको वेभसाइट | प्रथम वर्ष र नियमित | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, कार्यक्रम तथा बजेट तर्जुमा समिति |
| २.२. बजेट तर्जुमा चरणमा टोलभेलाबाट प्राप्त सुझावमा आधारित रहेर वडा स्तरीय परामर्श बैठक सञ्चालन गर्ने स्थानीय तहको सङ्ख्या | कार्यक्रमको प्रतिवेदन | दोस्रो वर्ष र हरेक वर्ष | वडा समितिहरू |
| २.३. कुल र क्षेत्रगत बजेट सीमा निर्धारण र सार्वजनिकीकरण गर्ने स्थानीय तहको सङ्ख्या | स्थानीय तहको वेभसाइट | हरेक वर्ष | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र राजस्व परामर्श समिति |
| २.४. बजेट तथा राजस्व सम्बन्धी समितिले बजेट तर्जुमा चरणमा सहभागितमूलक बैठक आयोजनाको अभ्यास गरेका स्थानीय तहको सङ्ख्या | बैठकका प्रतिवेदन, अभिलेख | हरेक वर्ष | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, राजस्व परामर्श समिति, कार्यक्रम तथा बजेट तर्जुमा समिति |
| २.५. आगामी आर्थिक बर्षको बजेटको आधारपत्र (पूर्व बजेट विवरण) को उपलब्धता भएका र पूर्व बजेटमा नागरिक परामर्श गर्ने स्थानीय तहको सङ्ख्या | स्थानीय तहको वेभसाइट, सूचना तथा परामर्श बैठकका अभिलेख | प्रथम वर्ष र हरेक वर्ष | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र राजस्व परामर्श समिति |
| २.६. बजेट भन्दा कम्तीमा ७ दिन अघि नीति तथा कार्यक्रम सार्वजनिक गर्ने प्रबन्ध सहितको परिमार्जित कार्यतालिका सहितको अध्यावधिक बजेट तर्जुमा दिग्दर्शनको उलब्धता र कार्यान्वयन अभ्यास रहेका स्थानीय तहको सङ्ख्या | स्थानीय तहको वेभसाइट, नीति तथा कार्यक्रमबारे टिप्पणी तथा सुझावको अभिलेख | प्रथम वर्ष | गाउँ/नगर कार्यपालिका |
| २.७. राजस्व नीतिका सन्दर्भमा नागरिक सुझाव र पृष्ठपोषण सङ्कलन गर्ने स्थानीय तहको हिस्सा | सूचनाहरू, सहभागितामूलक बैठक तथा सुझावको अभिलेख तथा प्रतिवेदन | हरेक वर्ष | राजस्व परामर्श समिति |

| सूचक (नतिजा) | सूचनाको स्रोत/प्रमाणीकरणको विधि | अनुगमन/मापनको बारम्बारता | जिम्मेवार निकाय |
|---|---|---|---|
| २.८. लक्षित समूहका लागि लक्षित कार्यक्रम र तिनको प्राथमिकीकरण विधिसहितको बजेट तर्जुमा दिग्दर्शन बनाएका स्थानीय तहको हिस्सा | स्थानीय तहको वेभसाइट | प्रथम वर्ष र नियमित | गाउँ/नगर कार्यपालिका |
| २.९. स्थानीय लैङ्गिक बजेट तर्जुमा दिग्दर्शन निर्माण गरेका स्थानीय तहको सङ्ख्या | स्थानीय तहको वेभसाइट | प्रथम वर्ष | गाउँ/नगर कार्यपालिका |
| २.१०. प्रशासनिक, कार्यगत र लैङ्गिक बजेट समावेश गरी वर्गीकृत बजेट सूचना सहितको बजेट पुस्तिका प्रकाशन गर्ने स्थानीय तहको सङ्ख्या | स्थानीय तहको वेभसाइट | हरेक वर्ष | कार्यक्रम तथा बजेट तर्जुमा समिति |
| २.११. बजेटका अनुसूची सहितको बजेट प्रस्ताव सार्वजनिक गर्ने स्थानीय तहको सङ्ख्या | स्थानीय तहको वेभसाइट | हरेक वर्ष बजेट प्रस्ताव प्रस्तुत हुने दिन | कार्यक्रम तथा बजेट तर्जुमा समिति |
| २.१२. बजेटको सरलीकृत संस्करण (नागरिक बजेट) तयार गरी सार्वजनिक गर्ने स्थानीय तह सङ्ख्या | स्थानीय तहको वेभसाइट | हरेक वर्ष बजेट प्रस्ताव प्रस्तुत हुने दिन | कार्यक्रम तथा बजेट तर्जुमा समिति |
| **चरण ३ : बजेट अनुमोदन** | | | |
| ३.१. बजेट अनुमोदन अघि नगरसभाले बजेट प्रस्तावका सम्बन्धमा नागरिक सुझाव र पृष्ठपोषण लिने स्थानीय तहको हिस्सा | प्रतिवेदन, अभिलेख तथा खुला सुनुवाइ | हरेक वर्ष बजेट प्रस्तुत भएपछि पारित नहुँदासम्म | स्थानीय सभा |
| ३.२. बजेट प्रस्तुति र दफावार छलफलको बजेट प्रस्ताव अध्ययन र नागरिक परामर्शका समय राखी परिमार्जित स्थानीय सभा सञ्चालन कार्यविधि र कार्यान्वयन अभ्यास रहेका स्थानीय तह सङ्ख्या | सभाको अभिलेख तथा खुला सुनुवाइ | प्रथम वर्ष,<br>हरेक वर्ष बजेट प्रस्तुत भएपछि | स्थानीय सभा |
| ३.३. वर्गीकृत बजेट सूचना सहितको स्वीकृत योजना तथा बजेट पुस्तिका प्रकाशन गर्ने स्थानीय तह सङ्ख्या | स्थानीय तहको वेभसाइट | हरेक वर्ष | नगर कार्यपालिका |
| **चरण ४ : बजेट कार्यान्वयन** | | | |
| ४.१. मासिक, चौमासिक, अर्ध वार्षिक र वार्षिक प्रतिवेदन सार्वजनिकीकरणको कार्यतालिका निर्माण कार्यान्वयन गर्ने स्थानीय तहको सङ्ख्या | स्थानीय तहको वेभसाइट र वेभ प्रकाशन | प्रथम वर्ष र हरेक बर्ष मासिक, चौमासिक, अर्ध वार्षिक र वार्षिक रुपमा | स्थानीय कार्यपालिका |
| ४.२. उपभोक्ता समितिको जवाफदेहिता प्रबर्द्धनको उद्देश्य सहित स्थानीय तहमा उपभोक्ता समिति सञ्चालन सम्वन्धी कार्यविधि निर्माण गरेका स्थानीय तहको संख्या | स्थानीय तहको वेभसाइट तथा प्रकाशन | प्रथम वर्ष | स्थानीय सभाहरू |

| सूचक (नतिजा) | सूचनाको स्रोत/प्रमाणीकरणको विधि | अनुगमन/मापनको बारम्बारता | जिम्मेवार निकाय |
|---|---|---|---|
| ४.३. सार्वजनिक खरिद नियमावली बनाएका, सार्वजनिक खरिदको निर्णय पर्यवेक्षणमा नागरिक सहभागिता गराउने तथा सार्वजनिक खरिदको निर्णय सार्वजनिक गर्ने स्थानीय तहको सङ्ख्या | स्थानीय तहको वेभसाइट तथा वेभ प्रकाशन | दोस्रो वर्ष र नियमित | स्थानीय कार्यपालिका |
| ४.४. बजेट कार्यान्वयनका सन्दर्भमा सार्वजनिक सुनुवाइ गर्ने स्थानीय तहको सङ्ख्या | सुनुवाइका अभिलेख तथा प्रतिवेदनहरू | नियमित (कार्तिक, पौष र बैशाख) | नगर कार्यपालिका र वडा समिति |
| ४.५. राजस्व संबन्धी ठेक्का प्रक्रियामा नागरिक पर्यवेक्षणको अभ्यास गर्ने स्थानीय तहको सङ्ख्या | निर्णय तथा सहभागितामूलक अभिलेख | नियमित | स्थानीय कार्यपालिका |
| ४.६. सार्वजनिक ऋण वा निजी साझेदारीका परियोजना तयारीलाई सहभागितामुलक बनाउन कार्यविधि तयारी र कार्यान्वयन गर्ने तहको सङ्ख्या | स्थानीय तहको वेभसाइट र सार्वजनिक विस्तृत परियोजना प्रतिवेदन | नियमित | स्थानीय कार्यपालिका |
| ४.७. स्थानीय पूर्वाधार आयोजनाको सहभागितामूलक अनुगमनको अभ्यास गर्ने स्थानीय तहको सङ्ख्या | सार्वजनिक अनुगमन प्रतिवेदन तथा अभिलेख | नियमित | गाउँ/नगर स्तरीय अनुगमन समिति, स्थानीय नागरिक संस्था |
| ४.८. प्रमुख गाउँ/नगरपालिका स्तरीयका प्रमुख कार्यक्रम नागरिक सन्तुष्टि सर्वेक्षणको अभ्यास भएका स्थानीय तहको सङ्ख्या | प्रतिवेदन तथा अभिलेखहरू | हरेक वर्ष कार्यक्रम सम्पन्न भएपछि | स्थानीय योजना तथा बजेट शाखा |
| ४.९. बजेट प्रक्रियामा नागरिक सहभागिताका लागि सामाजिक जवाफदेहिताका औजार कार्यान्वयन गरेका स्थानीय तहको सङ्ख्या | सम्बन्धित प्रतिवेदन तथा अभिलेखहरू | नियमित | स्थानीय कार्यपालिका र नागरिक सङ्घ संस्थाहरू |
| ४.१०. परियोजना वा कार्यक्रमका सन्दर्भमा गुनासो सङ्कलन र सुनुवाइका कार्यविधि भएका | स्थानीय तहको वेभसाइट | प्रथम वर्ष | स्थानीय कार्यपालिका |
| ४.११. महामारी वा विपद्को समयमा बजेटको रकमान्तर सम्बन्धी सूचना उपलब्ध गराउने र नागरिक संवादको अभ्यास गर्ने स्थानीय तहको सङ्ख्या | स्थानीय तहको वेभसाइट, संवाद तथा पृष्ठपोषणको अभिलेख | हरेक महिना | स्थानीय कार्यपालिकाको सचिवालय |
| ४.१२. सामान्य अवस्थामा रकमान्तर सम्बन्धी सूचना नियमित सार्वजनिक गर्ने स्थानीय तहको सङ्ख्या | स्थानीय तहको वेभसाइट | हरेक महिना | स्थानीय कार्यपालिका सचिवालय |
| **चरण ५ : लेखाङ्कन र प्रतिवेदन** | | | |
| ५.१. बजेट सूचना खुला तथ्याङ्क स्वरुपमा उपलब्ध गराउने स्थानीय तहको सङ्ख्या | स्थानीय वेभसाइट वा पोर्टल | नियमित | लेखा तथा बजेट शाखा |

| सूचक (नतिजा) | सूचनाको स्रोत/प्रमाणीकरणको विधि | अनुगमन/मापनको बारम्बारता | जिम्मेवार निकाय |
|---|---|---|---|
| ५.२. नियमित वित्तीय प्रगति प्रतिवेदन सार्वजनिक गर्ने स्थानीय तहको हिस्सा | स्थानीय तहको वेभसाइट | चौमासिक, अर्ध वार्षिक र वार्षिक | लेखा तथा बजेट शाखा |
| ५.३. स्थानीय तहगत रुपमा आर्थिक, कार्यगत र प्रशासनिक वर्गीकरण सहितको बजेट तथ्याङ्को उपलब्धता | महालेखा नियन्त्रक कार्यालयको वेभ पोर्टल | दोस्रो वर्ष देखि हरेक वर्ष | लेखा तथा बजेट शाखा |
| **चरण ६ : वाह्य लेखापरीक्षण र निगरानी** | | | |
| ६.१. सभा सञ्चालन नियमावलीमा व्यवस्था गरी लेखा समिति गठन गरेका स्थानीय तहको सङ्ख्या | स्थानीय तहको वेभसाइटमा राखिएको समिति संरचना | पहिलो वर्ष वा सभाको पहिलो सत्र | स्थानीय सभा |
| ६.२. लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गर्ने तथा समिति र सभामा छलफल गर्ने स्थानीय तहको अनुपात | स्थानीय तहको वेभसाइट, छलफलका अभिलेख | हरेक वर्ष | लेखा समितिहरू |
| ६.३. लेखापरीक्षण प्रतिवेदनका निष्कर्ष र सुझाव सम्बन्धमा लेखा समितिले सहभागितामूलक बैठक गर्ने स्थानीय तहको अनुपात | सान्दर्भिक अभिलेख तथा प्रतिवेदनहरू | नियमित | लेखा समितिहरू |
| ६.४. स्थानीय तहबाट कार्यान्वयन हुने परियोजनामा अनिवार्य रुपमा सार्वजनिक लेखापरीक्षणको अभ्यास गर्ने स्थानीय तहको सङ्ख्या | स्थानीय तहको वेभसाइट, सार्वजनिक लेखा परीक्षण प्रतिवेदनहरू | पहिलो वर्ष र अन्तिम किस्ता भुक्तानी पूर्व | लेखा समिति, नागरिक सङ्घ संस्था |
| ६.५. कार्यमुलक लेखापरीक्षणको क्रममा नागरिक सङ्घ संस्थासँग परामर्श गरिएका स्थानीय तहको सङ्ख्या | सान्दर्भिक कार्यविधि तथा अभ्यासको अभिलेख | हरेक वर्ष | महालेखापरीक्षकको कार्यालय |
| ६.६. स्थानीय तहको लेखापरीक्षणका क्रममा नागरिक पृष्ठपोषण सङ्कलनको प्रबन्ध सहितको कार्यविधिको उपलब्धता | महालेखापरीक्षक कार्यालयको वेभसाइट | हरेक वर्ष | महालेखापरीक्षकको कार्यालय |
| **अन्तरसंबन्धित क्षेत्र** | | | |
| **उद्देश्य :** सबै तह र चरणमा सरकार-नागरिक साझेदारीका आधारमा वित्तीय पारदर्शिता र सुशासन अभिवृद्धि गर्ने । | | | |
| **सफलताको सूचक :** सरकार र नागरिकको सुदृढ क्षमता र सहकार्यका अभ्यास | | | |
| **प्रगति सूचकहरू** | | | |

| सूचक (नतिजा) | सूचनाको स्रोत/प्रमाणीकरणको विधि | अनुगमन/मापनको बारम्बारता | जिम्मेवार निकाय |
|---|---|---|---|
| १.क. सार्वजनिक वित्त व्यवस्थापन प्रक्रियामा नागरिक सहभागिता सम्बन्धी स्वीकृत रणनीति तथा कार्ययोजनाको उपलब्धता | महालेखा नियन्त्रक कार्यालय/पेफा सचिवालयको वेभसाइट, | प्रथम वर्षको पहिलो त्रैमासिक | पेफा सचिवालय |
| १.ख. रणनीति कार्यान्वयनका लागि प्रचारात्मक कार्यक्रम तथा अनुशिक्षणमा सहभागी तह, निकाय, सङ्घ संस्था र नागरिक सङ्ख्या | सम्बन्धित कार्यक्रमका प्रतिवेदन तथा अभिलेख | प्रथम वर्ष र आवश्यकता अनुसार | पेफा सचिवालय |
| १.ग. निर्धारित सूचकका आधारमा गरिने रणनीति कार्यान्वयनको लेखाजोखामा समेटिएका तहगत सरकार सङ्ख्या | लेखाजोखा प्रतिवेदन | हरेक तीन बर्ष | पेफा सचिवालय |
| २. सुशासन ऐनमा रहेका सार्वजनिक सुनुवाइ तथा गुनासो सम्बोधन जस्ता प्रावधान सहित संशोधित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन | अर्थ मन्त्रालयको वेभसाइट | दोस्रो वर्ष | अर्थ मन्त्रालय र सङ्घीय संसद |
| ३. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्राकृतिक स्रोत तथा सार्वजनिक वित्तका विभिन्न नीति, मापदण्ड र विधि निर्धारणका क्रममा नागरिक सहभागिताका लागि निर्धारित विधि, माध्यम र सहभागिताको अभ्यास | सहभागिताको खण्डीकृत विवरण तथा अभिलेख | दोस्रो वर्षदेखि हरेक बर्ष | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग |
| ४. बजेट तर्जुमा चरणमा नागरिक सहभागितालाई स्पष्ट गर्दै परिमार्जित बजेट तर्जुमा दिग्दर्शन र बजेट तर्जुमा तालिका | अर्थ मन्त्रालयको वेभसाइट | दोस्रो वर्ष | अर्थ मन्त्रालय |
| ५. सार्वजनिक वित्त व्यवस्थापनको नीति अध्ययन, विश्लेषण र नागरिक परामर्श गर्ने अख्तियारी र विज्ञता सहितको स्वतन्त्र वित्तीय निकाय गठनको आवश्यकता पहिचानका लागि गरिने अध्ययन | अध्ययन प्रतिवेदन | दोस्रो वर्ष | पेफा सचिवालय |
| ६. सार्वजनिक वित्त व्यवस्थापनमा नागरिक सहभागिताका प्रावधान सहितको सुशासन कानूनको उपलब्धता रहेका प्रदेश र स्थानीय तहको सङ्ख्या | प्रदेशको सामाजिक विकास मन्त्रालयको वेभसाइट | दोस्रो वर्ष | सामाजिक विकास मन्त्रालय |
| ७. खुला बजेट तथ्याङ्क सम्बन्धी नीति तथा वा कार्यविधिको उपलब्धता रहेका तहको सङ्ख्या | अर्थ मन्त्रालय, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय तथा स्थानीय तहको वेभसाइट | दोस्रो वर्ष | अर्थ मन्त्रालय, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय र स्थानीय कार्यपालिका |
| ८. स्थानीय तहको बजेट प्रक्रियामा नागरिक सहभागिताका सूचक सहितको अध्यावधिक स्वमूल्याङ्कन कार्यविधि | प्राकृतिक स्रोत तथा वित्त आयोग र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेभसाइट | प्रथम वर्ष | प्राकृतिक स्रोत तथा वित्त आयोग र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय सरकारहरू |

| सूचक (नतिजा) | सूचनाको स्रोत/प्रमाणीकरणको विधि | अनुगमन/मापनको बारम्बारता | जिम्मेवार निकाय |
|---|---|---|---|
| ९. सङ्घ र प्रदेशको बजेटमा आधारित रहेर विकास कार्यक्रम सम्बन्धी पुस्तिका निर्माण र सार्वजनिकीकरणको अभ्यास | सङ्घ र प्रदेशका अर्थ मन्त्रालय र योजना आयोगका वेभसाइट | हरेक वर्ष बजेट वक्तव्यसँगै | सङ्घ र प्रदेशका अर्थ मन्त्रालय र योजना आयोग |
| १०. विभिन्न तहले स्थापना गरेका विशेष कोष सम्बन्धी प्रतिवेदन तयारी र सार्वजनिकीकरण अभ्यास | संबन्धित तहका सरकारका वेभसाइट | चौमासिक, अर्ध वार्षिक र वार्षिक | सङ्घीय अर्थ मन्त्रालय, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, स्थानीय कार्यपालिका |
| ११. सार्वजनिक वित्त व्यवस्थापनको जिम्मेवारी सहितका शाखा वा एकाइ गठन गरेका तहगत सरकार सङ्ख्या | सम्बन्धित निकायको सङ्गठन संरचना र जनशक्ति | प्रथम वर्ष र हरेक वर्ष | अर्थ मन्त्रालय, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, योजना आयोग, स्थानीय कार्यपालिका, महालेखापरीक्षकको कार्यालय, संसद सचिवालय, महालेखा नियन्त्रक कार्यालय आदि |
| १२. प्रमुख सार्वजनिक वित्त व्यवस्थापन निकायमा बजेट दस्तावेज तयारी, सार्वजनिकीकण र नागरिक सहभागिताका पद्धति कार्यान्वयनका लागि जनशक्ति व्यवस्थापन र क्षमता विकासको अवस्था/प्रबन्ध | अर्थ मन्त्रालय, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय र स्थानीय कार्यपालिकाको कार्यालयमा रहने संयन्त्र | प्रथम वर्ष | हरेक तहका बजेट निकाय तथा एकाइ |
| १३. सवै तहमा वित्तीय पारदर्शिता प्रवर्द्धनमा सङ्घीय निकायबाट सहयोग प्राप्ति र प्रवाहको अभ्यास | प्रदेश र स्थानीय तहमा उपलब्ध गराइएको प्राविधिक सहयोगको विवरण | नियमित | सङ्घीय अर्थ मन्त्रालय र योजना आयोग र अन्तर्गतका निकाय |
| १४. बजेट तर्जुमा दिग्दर्शन वा सान्दर्भिक कार्यविधिमा बजेट प्रक्रियामा नागरिक सहभागिताका परिभाषित चरण र सहभागिताको अभ्यास | हरेक तह र निकायका वेभसाइट | हरेक दुई वर्ष | हरेक तहका प्रमुख बजेट निकाय |
| १५. सूचनाको हक कार्यान्वयनको लेखाजोखामा समेटिएका सार्वजनिक वित्त व्यवस्थापन निकायको सङ्ख्या | राष्ट्रिय सूचना अयोगको वेभसाइट | हरेक वर्ष | राष्ट्रिय सूचना आयोग |
| १६. नागरिक सहभागिताका विधि सहितको सार्वजनिक वित्त व्यवस्थापन तालिम निर्देशिकाको उपलब्धता | अर्थ/प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको वेभसाइट | प्रथम वर्ष | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र, प्रदेश सुशासन केन्द्र |
| १७. सार्वजनिक वित्त व्यवस्थापन तालिम सङ्ख्या र सहभागी जनप्रतिनिधि, कर्मचारी र नागरिक सङ्घ संस्थाको वर्गीकृत विवरण | तालिम तथा सहभागिता प्रतिवेदन | नियमित | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र, सुशासन केन्द्र |

| सूचक (नतिजा) | सूचनाको स्रोत/प्रमाणीकरणको विधि | अनुगमन/मापनको बारम्बारता | जिम्मेवार निकाय |
|---|---|---|---|
| १८. विभिन्न तहमा सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्रमा संलग्न भएका/हुनसक्ने नागरिक सङ्घ संस्थाको नक्साङ्कन अभ्यासहरू | तहगत नक्शाङ्कन प्रतिवेदन | हरेक दुई वर्ष | हरेक तहका प्रमुख बजेट निकाय वा एकाइ |
| १९. सार्वजनिक वित्त व्यवस्थापन र नागरिक सहभागिताका विभिन्न पक्षमा तालिम प्राप्त नागरिक सङ्घ संस्थाका प्रतिनिधिहरू | तालिम प्रतिवेदन, सहभागिताको अभिलेख | नियमित | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र, सुशासन केन्द्र |
| २०. विभिन्न निकायबाट प्रवाह भएका बजेट र सार्वजनिक वित्तसम्बन्धी सचेतनामूलक जनहितका सन्देश, सचेतना अभियानहरू | प्रकाशित, प्रसारित सामग्री, सुनुवाइ तथा अभियानका प्रतिवेदन | नियमित | पेफा सचिवालय, अर्थ मन्त्रालय, योजना आयोग, स्थानीय कार्यपालिका, महालेखापरीक्षकको कार्यालय, संसदीय समितिहरू |
| २१. बजेट क्लब निर्माण र क्षमता विकास कार्यक्रम सञ्चालन भएका स्थानीय तहको सङ्ख्या | कार्यपालिकाको निर्णय तथा प्रतिवेदनहरू | हरेक दुई बर्ष | स्थानीय कार्यपालिका |
| २२. सार्वजनिक वित्त व्यवस्थापन सम्वन्धी सूचना प्राप्तिका लागि दर्ता संबोधन भएका सूचनाको हक सम्बन्धी निवेदन सङ्ख्या | सूचनाको हक सम्बन्धी निवेदन प्राप्ति र संबोधनको स्वत: खुलासा | नियमित | नागरिक सङ्घ संस्था, सञ्चार माध्यम, आम नागरिक |
| २३. सार्वजनिक वित्त व्यवस्थापन तालिम प्राप्त गरेका पत्रकारहरू रहेको बजेट पत्रकारिता समूहको सङ्ख्या | तालिम प्रतिवेदनहरू | नियमित | सङ्घीय र प्रदेश स्तरीय सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र |
| २४. सार्वजनिक वित्त व्यवस्थापनमा नागरिक सहभागिताका असल अभ्यासलाई अनुसरण र मूल प्रवाहीकरण गर्ने स्थानीय तहको सङ्ख्या | स्थानीय तहको वेभसाइट तथा वेभ पोर्टल, सहभागिताका अभिलेख, खुला सुनुवाइ | नियमित | स्थानीय कार्यपालिका |
| २५. लेखापरीक्षण प्रातिवेदनमा आधारित रहेर नागरिक सङ्घ संस्थाले प्रवर्द्धनात्मक गतिविधि संचालन गरेका स्थानीय तहको सङ्ख्या | सञ्चार माध्यमका सामग्री तथा स्थानीय नागरिक संस्थाका वेभसाइट | नियमित | स्थानीय नागरिक सङ्घ संस्थाका सञ्जाल, पेफा सचिवालय |
| २६. वित्तीय खुलापन सम्वन्धी समूहहरू निर्माण भएका प्रदेश र स्थानीय तहको सङ्ख्या | प्रदेश र स्थानीय सरकारका निर्णय तथा गठित समूहको विवरण | दोस्रो वर्ष र हरेक वर्ष | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, स्थानीय कार्यपालिकाहरू |
| २७. नागरिक सहभागिता प्रवर्द्धनका लागि विद्युतीय माध्यम विकास गरेका निकाय सङ्ख्या, माध्यम सङ्ख्या तथा ती माध्यम प्रयोगको अवस्था | सार्वजनिक भएका माध्यमको प्रयोग विश्लेषण | हरेक वर्ष | पेफा सचिवालय |
| २८. वेभ संस्करण र पुस्तिकाको स्वरुप बाहेक आम सञ्चारका माध्यम तथा सार्वजनिक मञ्चबाट वित्तीय सूचनाको प्रचार प्रसार गर्ने निकाय सङ्ख्या | आम सञ्चार माध्यममा प्रकाशित सामग्री, प्रत्यक्ष सुनुवाइका अभिलेख | प्रथम बर्षबाट नियमित | तीनवटै तहका वित्तीय व्यवस्थापन निकाय |

**फ्रिडम फोरम**
थापाथली, काठमाडौं, नेपाल
पोष्ट बक्स: २४२९२
फोन: ४१०२०३०/४१०२०२२
इमेल: info@freedomforum.org.np
www.freedomforum.org.np
टोल फ्रि नं: १६६००१०२०२२